"प्रकृतिको अस्तित्व स्वीकार गरौं, संरक्षणको स्तर उकासौं"

# हाम्रो सालक प्यारो सालक




लेखन/संकलन/सम्पादनः

विष्णु प्रसाद आचार्य



प्रकाशकः

डिभिजन वन कार्यालय, धादिङ

२०८० फागुन ४

प्रकाशकः

**डिभिजन वन कार्यालय, धादिङ**

लेखन/संकलन/सम्पादनः

**विष्णु प्रसाद आचार्य**

लेखन सहयोगीः

डा. तुल्सीलक्ष्मी सुवाल
कुमार पौडेल
संजन थापा

संस्करणः

**२०८० फागुन ४**

प्रकाशित प्रतिः

**१२०० थान**

© सर्वाधिकार प्रकाशकमा निहित

यसमा प्रयोग भएका फोटोहरु गुगल, डा. तुलसी लक्ष्मी सुवाल, संजन थापा, विष्णु अछामी (SMCRF), कुमार पौडेल (Greenhood Nepal) बाट सौजन्य र कार्यालयको विभिन्न गतिविधिको सन्दर्भमा खिचिएका हुन् । हामी वहाँहरुलाई एकमुष्ट धन्यवाद दिन चाहन्छौं ।

शैक्षिक प्रयोजन र सालक प्रवर्द्धनको उद्देश्यले यसमा प्रकाशित सामग्री स्रोत उद्धरण गरेर प्रयोग गर्न सकिनेछ ।

मुद्रकः
एम.एस. अफसेट प्रेस
ज्याठा, काठमाडौं

"प्रकृतिको अस्तित्व स्वीकार गरौं, संरक्षणको स्तर उकासौं"

# हाम्रो सालक
# प्यारो सालक




लेखन/संकलन/सम्पादनः
**विष्णु प्रसाद आचार्य**



प्रकाशकः
**डिभिजन वन कार्यालय, धादिङ**
**२०८० फागुन ४**

# हाम्रो भनाइ



प्रकृतिको साथी सालक आज विश्वव्यापी रुपमा नै क्रमशः संकटमा परिरहेका छन् । कानुनी हिसाबले नेपालमा यो संरक्षित वन्यजन्तुको सूचिमा रहे तापनि यसको लागि हामीले जति मेहनत र लगानी गर्नु पर्थ्यो त्यो हुन सकेको छैन । यी लजालु, भुइँ जनावर चोरी शिकारी, वन डढेलो, बासस्थानको विनाश, हाम्रो अन्धविश्वास र चेतनाको अभावमा नासिंदै गएका र अब पनि हामीले यसलाई बेलैमा संरक्षण अभियान संचालन नगर्ने हो भने यो जनावर अब इतिहासमा नै सिमित हुनेछन् । संसारमा पाइने ९ प्रजातिका सालकमध्ये नेपालमा २ प्रजातिका तामे सालक र कालो सालक पाइन्छन् भने पछिल्लो अध्ययनले देशका ६० भन्दा बढी जिल्लाहरुमा यसको उपस्थिति पाइएको छ ।

यिनको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले देशका बिभिन्न जिल्लामा विविध कार्यक्रम संचालन भएका छन् । यस्तै विविध संरक्षणका कार्यक्रम संचालन गर्ने क्रममा यहाँहरु समक्ष यो पुस्तिका उपलब्ध गराएका छौं । यो पुस्तिका २ खण्डमा विभाजित छ, पहिलो खण्डमा सालकको परिचय र दोस्रो खण्डमा सालक सम्बन्धी बिभिन्न चेतनामुलक कथा, कविता, गीत, गजल र मुक्तक छन् । यी सामग्रीले सालक सम्बन्धी चेतना जगाउन र संरक्षणमा सानो सहयोग पुग्यो भने पनि हामी अत्यन्त खुशी हुनेछौं र हाम्रो यो कार्य सार्थक भएको हामीले महसुस गर्नेछौं । यो पुस्तिकाको मुख्य लक्षित वर्गमा विद्यालयका नानीबाबु र सामुदायिक वनका उपभोक्ता र संरक्षणमा लागेका अभियन्ता हुन् ।

बागमती प्रदेश सरकारले यसको संरक्षणमा सरकारको नीति तथा कार्यक्रममा सम्बोधन गरेर छुट्टै बजेट बिनियोजन गर्नु, बागमती प्रदेश स्तरीय दोस्रो खेलकुद महोत्सवमा प्रतिक चिन्ह सालक राखिनुले सरकारले बिशेष चासो देखाएको हामीले महसुस गरेका छौं । बागमती प्रदेशका १३ वटा जिल्लामा नै पाइने संरक्षित जनावर सालकलाई बागमती प्रदेशको गौरव वन्यजन्तु घोषित गरियोस् भनि हामी प्रदेश सरकारलाइ हार्दिक आग्रह गर्दछौं । यसको लागि सबै सालक संरक्षणका अभियन्ता र नागरिक समाजलाई यो विषय निरन्तर उठाउनुहुन अनुरोध गर्दछौं ।

यो पुस्तिका यहाँहरुसम्म आइपुग्न बिभिन्न सरोकारवालाको अथक मेहनत छ, हामी वहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । बिभिन्न लेख तथा रचना निःशुल्क उपलब्ध गराई हामीलाई हौसला प्रदान गर्नुहुने सम्पूर्ण पर्या साहित्यकारलाई विशेष धन्यवाद ! यो पुस्तिका प्रकाशनको लागि व्यवस्थापकीय/आर्थिक सहयोग उपलब्ध गराइदिनु हुने वन तथा भू–संरक्षण विभाग, WWF Nepal, वन तथा भू–संरक्षण विभागका उपमहानिर्देशक दीपक ज्ञवाली, पत्रकार महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, कफ्सन, टोल विकास संस्था धादिङ र यहाँका बिभिन्न विद्यालयका शिक्षक, नानीबाबु, डिभिजन वन कार्यालय धादिङका वन अधिकृत टंक नारायण श्रेष्ठ, दिपक पुडासैनी लगायतका सबैलाई हार्दिक धन्यवाद !

लेखमा महत्वपूर्ण सुझाव उपलब्ध गराई दिनुहुने WWF Nepal का डा. अनन्त भण्डारी, डा. कन्जन थापा, अस्मिता सिग्देल लगायतलाई धन्यवाद ! हामी सबै सरोकारवालाबाट बिगतमा जस्तै आगामी दिनमा पनि यस प्रकारको सहयोग, सहकार्य र समन्वयको अपेक्षा गर्दछौं ।

**बिष्णु प्रसाद आचार्य**
डिभिजनल वन अधिकृत, धादिङ



## विषय प्रवेश

धादिङ जिल्लामा विगत २–३ वर्षमा संरक्षित वन्यजन्तु सालक सम्बन्धी घटेका विभिन्न घटनालाई सूक्ष्म ढंगले केलाउने हो भने हामी सहजै के अन्दाज गर्न सक्छौं भने यहाँ सालकको उपस्थिति राम्रो छ । यहाँ केवल २ वर्षको अवधिलाई मात्र हेर्ने हो भने सालकको २ वटा मुद्दा, ५ वटा जीवित उद्धार, २ वटा मृत उद्धार गरेका छौं । अझ गाउँघरतिर बुढापाकासंग कुरा गर्ने हो भने पहिला यहाँ सालक जताततै पाइन्थ्यो भन्ने सहज उत्तर आउने गरेको छ । यहाँ सालक छ तर पछिल्लो पुस्तामा सालकको बारेमा चेतना अत्यन्त कमजोर रहेको पाइयो, कैयौंलाई थाहा नै छैन र थाहा भएकालाई पनि यसको महत्वको बारेमा जानकारी छैन । यी सबै कुरालाई मध्यनजर गरेर डिभिजन वन कार्यालय धादिङले जनसमुदायलाई सालक संरक्षणका बारेमा चेतना जगाउनु आफ्नो पहिलो र अनिवार्य कर्तव्य सम्झेर विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । हामीले यसको जानकारीको लागि आफ्नो कम्पाउण्डमा धमिराको देवल सहितको सालक पार्क, गेट, गेटमा आकर्षक चित्र निर्माण गरेका छौ । जूलोजिकल सोसाइटी अफ लन्डन (ZSL) को सहयोगमा फ्लेक्स निर्माण गरेर जिल्लाभरि वितरणको व्यवस्था मिलाएको छौं । यहाँको स्थानीय संचारको माध्यमबाट पनि यसको व्यापक प्रचार प्रसार भएको छ, यस पश्चात यहाँको पालिका, संचार समूह, वन समूह, स्कुले नानिबाबुले देखाएको सालक प्रतिको स्नेह, चासो र केहि गरौ भन्ने प्रतिबद्धताले हामीलाई थप काम गर्ने प्रेरणा मिलेको छ । यसैको स्वरूप विश्व वन्यजन्तु कोष (WWF Nepal) को सहयोगमा यो पुस्तिका यहाँहरूको हातमा आइपुगेको छ । यसले सालक सम्बन्धी यहाँहरूमा रहेको जिज्ञासालाई मेटाउने र सालक संरक्षणमा तपाईको सहयोग पुग्ने हामीले अपेक्षा लिएका छौं ।

## परिचय

सालक शान्त स्वभावको स्तनधारी (Mammals) वन्यजन्तु हो । यो अंग्रेजीमा प्याङ्गोलिन (Pangolin) को नामबाट चिनिन्छ । जीवविज्ञान (Biology) अन्तर्गत सालकलाई वर्गीकरण गर्दा Order: Pholidota, Family: Manidae र Genus: Manis मा राखिएको छ, जसको अर्थ खपटा भएको जनावर (Scaled animal) भन्ने हुन्छ । यो स्तनधारी जीवको शरीरभरि बाक्लो र कडा खपटा हुन्छ । सालकको साँघुरिदै गएको लाम्चो शरीर र थुतुनो र पेटको भाग बाहेक सबैतिर एक आपसमा खप्टिएका खपटाले ढाकेको हुन्छ । खपटामुनि पहेंला जगरजस्ता रौं पनि हुन्छन् । हाम्रो कपाल र नङमा हुने केराटिन नामक तत्वले यसको खपटा बनेको हुन्छ । यसको शारीरिक बनोट र आनीबानी अन्य स्तनपायी जनावर भन्दा बिल्कुल फरक हुन्छ । स्थान विशेष अनुसार यसलाई हिलेमाछो, सालमाछो, स्यालमाछो, सालमछारी, हिन्दीमा बज्रकिट, बज्रकपटा र अन्य विभिन्न जातजातिले आफ्नो भाषा अनुसार फरक फरक नामले चिनिन्छ ।

सालकका आँखा साना हुन्छन् र बाक्लो परेलाले ढाक्ने गर्छ । सालकको दाँत हुँदैन । यसको जिब्रोको अधिकतम लम्बाइ ४० सेन्टिमिटरसम्म र करिव १–१.५ सेमी चौडाईको हुन्छ, जुन मुखबाट नभई शरीरको भित्री हड्डी भएको भागबाट विकास भएको हुन्छ । यसको जिब्रो लेसाइलो हुन्छ र यहि जिब्रोको सहायताले धमिरा, कमिला पनि सहज ढंगले खान्छ । तुलनात्मक रुपमा यसको आँखा कमजोर तर सुँघ्ने र सुन्ने शक्ति राम्रो हुन्छ र यहि शक्तिको मद्दतबाट यसले आफ्नो गतिविधि अगाडि बढाउँछ । यसको रङ्ग माटोसँग मिल्दोजुल्दो देखिन्छ ।



अगाडिको खुट्टामा रहेको बलियो नंग्राको सहायताले सालक दुलो खनेर जमिन मुनि बस्ने र आहारको खोजी गर्ने गर्छन् । सालक आहाराको खोजीमा प्राय रातमा मात्र निस्कने गर्छ । सालक रातमा मात्र हिंडडुल गर्ने जीव हुनाले निशाचर जनावर (Nocturnal animal) पनि भनिन्छ । यो जनावर आफूलाई कतैबाट आक्रमण वा खतरा महसुस भएमा त्यसबाट जोगिन शरीरको आकार फुलाउने, कडा गन्ध आउने पिसाब फ्याल्ने र भकुण्डो जस्तै डल्लो पर्छ । यसरी जोगिन आफ्ना बलिया मांसपेशीको पकडले गुडुल्किरहन सक्छ । खतरा महसुस नभएमा बिस्तारै गुजुल्टोबाट आफूलाई फुकाउँछ र आफ्नो बाटो लाग्दछ । यो जनावर पुच्छरको सहायताबाट रुखको हाँगामा झुन्डिन र पौडिन पनि सक्छ ।

शारीरिक हिसाबले पोथीको तुलनामा भालेको शरीर ठूलो हुन्छ । प्रायः हिउँदमा बच्चा जन्माउँछ र दुलोभित्र नै बसेर आफ्नो बच्चालाई हुर्काउँछ । जन्मने बेलामा यसको बच्चा साना र सेता हुन्छन् । केहिदिन भित्र नै खपटा क्रमशः कालो र परिपक्व बन्दै आउँछ । सामान्यतया ६ महिनासम्म यसले बच्चालाई दुध खुवाउने र बच्चाको स्याहार गर्दछ र त्यसपछि बच्चा क्रमशः आमासँग छुट्टिएर एक्लै बस्न थाल्दछ । जन्मिएको २–३ वर्षमा सालक बच्चा जन्माउन योग्य हुन्छ । प्राकृतिक अवस्थामा यसको आयु यति नै वर्ष भनेर अध्ययन भएको देखिंदैन तर ताइवान, जापानमा यसको कृतिम बासस्थानमा २० वर्षसम्म बाँचेको पाइएको छ ।

## प्रजाति

अहिलेसम्म विश्वभरी सालकका ८ प्रजातिमध्ये ४ वटा एसिया महाद्वीप र ४ वटा अफ्रिका महाद्वीपमा पाइन्छन् भनेर भनिएकोमा हालसालै वैज्ञानिक अनुसन्धानबाट एसियाको चीन तथा हङकङ क्षेत्रबाट थप नयाँ प्रजाति एसियन मिस्टेरियस प्यान्गोलिन फेला परेको छ र प्रजातिको संख्या ९ पुगेको छ । यसले विश्वभरिका सालकको संरक्षणमा लागेका अभियन्ता र वैज्ञानिकलाई खुशी र उत्साहित बनाएको छ। त्यस नयाँ प्रजातिबारे थप जानकारी आउन बाँकी नै छ ।



**एसियामा पाइने सालकका प्रजातिः**

- चाइनिज प्याङ्गोलिन : (*Manis pentadactyla*)
- इन्डियन प्याङ्गोलिन : (*Manis crassicaudata*)
- सुन्डा प्याङ्गोलिन : *Manis javanica*
- फिलिपाइन् प्याङ्गोलिन : *Manis culionensis*
- एसियन मिस्टेरियस प्याङ्गोलिन : *Manis mysteria* (नयाँ पत्ता लागेको)




**अफ्रिकामा पाइने सालकका प्रजातिः**

- ह्वाइट बेलिड प्याङ्गोलिन : *Phataginus tricuspis*
- टेमिक्स प्याङ्गोलिन : *Smutsia temminckii*
- जाइन्ट प्याङ्गोलिन : *Smutsia gigantea*
- ब्ल्याक बेलीड प्याङ्गोलिन : *Phataginus tetradactyla*




विश्वभर पाइने ९ प्रजातिमध्ये नेपालमा दुई प्रजातिका सालक पाइन्छन् । ती हुन् : तामे सालक र कालो सालक ।

## तामे सालक

तामे सालकलाई अंग्रेजीमा इन्डियन प्याङ्गोलिन भनिन्छ । यसको जूलोजिकल नाम (*Manis crassicaudata*) हो । यो हल्का पहेंलो–रातो वर्णको सालक हो । यो प्रजाति हिमालयको दक्षिणी भेगमा समथर तथा कम भिरालो जमिनमा पाइन्छ । यो नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशमा समेत पाइन्छ । तामे सालक सबै प्रकारका उष्ण प्रदेशीय वन (Tropical forest) र घाँसे मैदान (Grass land) मा पाइन्छ ।





तामे सालक विशेष गरी समुद्र सतहबाट करिब १,००० मिटर उचाइसम्ममा पाइन्छ । यसको शरीरको तौल ८–१० किलोग्राम, शरीरको लम्बाई १०० देखि १२० से.मि. हुन्छ । तामे सालकका कत्ला फिक्का पहेंलो हुन्छन्, हालसम्मको अध्ययनले तामे सालक नेपालमा निकै कम संख्यामा पाइएको छ ।

## कालो सालक

कालो सालकलाई अंग्रेजीमा चाइनिज प्याङ्गोलिन भनिन्छ । यसको जूलोजिकल नाम *Manis pentadactyla* हो । यो हल्का कालो वर्णको सालक हो । यो प्रजातिको सालक नेपालको लगायत पूर्वी भारत, चीन, लाओस, ताइवान, थाइल्याण्ड, भियतनाम, म्यानमार र बङ्गलादेशमा पनि पाइन्छ । यो प्रजाति मुख्यतयाः उष्ण प्रदेशीय वन (Tropical forest) र उपोष्ण प्रदेशीय वन (Subtropical forest) मा पाइन्छ । कालो सालक विशेष गरी समुद्र सतहबाट करिब १,०००–२,५०० मिटर उचाइसम्ममा पाइन्छ । यसको तौल करिब २ देखि ९ किलोग्राम, शरीरको लम्बाई ६० देखि ९० से.मि. हुन्छ । कालो सालकका गाढा फुस्रा/कालो खपटा हुन्छन् । हालसम्मको अध्ययनले नेपालमा कालो सालकको उपस्थिति बढी देखिएको छ ।



## वासस्थान

नेपालमा सालक समुद्र सतहबाट करिब २,५०० मिटरसम्मको उचाइमा साल, सल्लो तथा मिश्रित पतझड वनमा पाइन्छ भने कमिला र धमिरा सहज र प्रशस्त पाइने घमाइलो खुल्ला घाँसे मैदान, किसानको खेतवारी र नजिकको जमिनमा पनि पाइन्छ । स्वभावले लजालु र सम्वेदनशील भए तापनि मानिसको नजिक वरिपरि खेतवारीमा बस्न यो रुचाउँछ । सालकको मुख्य वासस्थान पूर्वी तथा मध्य नेपालका चुरे पहाड तथा उत्तरी साल वन र त्यसको आसपासका वन क्षेत्र हुन् । नेपालमा सालक कति छन् भनेर यकिन संख्या चाहीं छैन, एकाध बाहेक




स्रोत: डा. तुल्सीलक्ष्मी सुवाल

बिस्तृत गणना पनि भएको छैन । संरक्षित क्षेत्रसँगै सामुदायिक वनमा सालक बढी मात्रामा पाइन्छ ।

सालक संरक्षण कार्ययोजना (२०१८–२०२२) का अनुसार नेपालका ४३ जिल्लामा सालक पाइन्छ । जस अनुसार कालो सालक २५, तामे सालक ७ वटा र दुवै वा कम्तिमा कुनै एक प्रजाति १४ वटा जिल्लामा पाइने भनेर उल्लेख गरिएको छ । तर सालकविज्ञ डा. तुलसी लक्ष्मी सुवालका अनुसार देशका ६१ जिल्लामा रेकर्ड गरिएको छ ।

## किसानको साथी (Friends of Farmer)

सालक किन जोगाउने भन्ने सवाल धेरै सोध्ने गरेको पाइन्छ । अहिले पनि धेरैले वन्यजन्तु जोगाउने भन्नसाथ सम्झिने भनेको बँदेल, बाँदर, दुम्सी, बाघ, हात्ती, गैंडा जस्ता जनावर नै हो जसले मानव वन्यजन्तु द्वन्दलाई निम्त्याइरहेको छ । पहिलो सवाल त यो धर्ती हामी सबैको साझा हो, यहाँ जति हामी मानव जातिको अधिकार छ, त्यतिकै अधिकार यो धर्तीका सबै प्राणीको छ । यसका अलावा सालक भनेको प्रकृतिमैत्री, किसानको निमित्त लाभदायी र गुणकारी जनावर हो ।

सालकले मुख्य रूपमा धमिरा, कमिलालगायत साना कीरा र तिनका अण्डा, लार्भा खान्छ । एउटा वयस्क सालकले एक दिनमा लगभग २०,००० धमिरा र कमिला खान्छ भनेर अनुमान गरिएको छ । यसको शरीर खपटाले ढाकिने र प्रमुख आहारा कमिला धमिरा हुनाले यसलाई स्केली एन्टइटर (Scaly anteater) पनि भनिन्छ । यसले अन्नबाली, पशुचौपाया र मानिसलगायत कसैलाई पनि हानि नोक्सान गर्दैन । सालकले किसानको बालीनाली नोक्सान गर्ने, कमिला धमिरालाई प्राकृतिक तरिकाले नियन्त्रणमा गर्ने हुँदा सालक मानवसमुदायका लागि हितकारी जीव हो । सालकले जमिनको प्राङ्गारिक माटो खनेर जमिनको ऊर्वराशक्ति बढाउन र जमिनभित्रको माटो खुकुलो बनाई जमिनको चिस्यान कायम गर्न मद्दत पुर्‍याउँछ । त्यसैले सालकलाई किसानको साथी (Friend of Farmer) भनिन्छ । किसानको बालीमा मात्र नभई यसले जंगलमा रहेका धमिरा, कमिला खाएर जंगलको रुखबिरुवालाई रोग लाग्नबाट बचाउँछ, जंगलको स्वच्छता कायम गर्दछ, पर्यावरणीय सन्तुलनमा महत्वपूर्ण सहयोग पुर्‍याउँछ त्यसैले सालकलाई प्रकृतिको साथी (Friend of Nature) भनेर पनि भन्ने गरिन्छ । यो जंगलको स्वच्छताको प्रतिक पनि हो। सजिलोगरी भन्दा यो प्रकृतिले हामी मानवलाई दिएको निःशुल्क स्वाइल इन्जिनियर हो ।

## सालक देखेमा के गर्ने ? के नगर्ने ?

सालक निशाचर (राति मात्र हिंडडुल गर्ने) र जमिनमुनि दुलो खनेर बस्ने जनावर हो । निशाचर चरित्रको हुनाले रातिमा हिंड्नु, आहारा खोज्नु यसको चरित्र हो तर पनि सालक कहिलेकाहिं दिउँसो वा बिहानीपख बाटो छेउमा वा तपाई हाम्रो बारीमा र यदाकदा घरआँगन, गोठमा समेत आइपुगेको हुन्छ । यसो हुनुमा मुख्य कारण चाहीं आहारको खोजीमा लामो दुरी तय गरेर आउँदा बाटो बिराएर अलमलिनु, आफ्नो बच्चा कतै छुटेमा खोज्दा खोज्दै त्यता आइपुग्नु, कुकुर वा यस्तै यसका प्राकृतिक जनावरको कारण भागेर अर्कैतिर पुग्नु हो। साथै यसको बासस्थानमा कुनै असुरक्षा महसुस गरेर यो



आफ्नो ज्यान बचाउन कुनै पनि समयमा बाहिर आउन सक्छ । यस्तो बेलामा बाटोमा वा जंगलमा कतै सालक देखेमा उद्धारको नाममा हतपत समाति नहाल्ने । यसको गतिविधि एकैछिन नियालेर हेर्ने, यो स्वास्थ्य छ, कुनै चोटपटक देखिंदैन, झुक्किएर बाटोमा वा बारीमा आइपुगेको छ वा जमिन खोतलेर जमिनमुनि लुक्न खोजिरहेको छ भने त्यसलाई बिना अवरोध आफ्नो बाटो जान दिने, त्यसलाई कुनै प्रकारको अवरोध वा बाधा





नपुऱ्याउने, सालक बिस्तारी आफ्नो बाटो लाग्नेछ । त्यसलाई त्रसित बनाउने, समातेर फोटो खिच्ने सामाजिक सञ्जालमा राख्ने आदि काम नगर्ने ।

कहिलेकाहिं कुकुर, स्याल वा अन्य जनावरले लखेट्ने, केटाकेटीले थाहा नपाएर ढुंगा वा माटोको डल्लोले हान्ने, हल्लाखल्ला गर्ने आदि अवस्था श्रीजना भएमा तत्कालै त्यो अवस्थाबाट मुक्त गर्ने, कुकुर, स्याल आदिलाई धपाउने, केटाकेटी भए सम्झाएर पठाउने र यसलाई सुरक्षित महसुस गराएर आफ्नो बाटो जान दिनुपर्छ । सालक डराएपछि डल्लो पर्छ र यहि बेलामा नै मान्छेले यसलाई आक्रमण गर्ने अवस्था हो । यसले आफु सहज र सुरक्षित छु भन्ने महसुस गरेपछि मात्र आफ्नो शरीर क्रमशः फुकाउने हुँदा यसलाई कोलाहलबाट मुक्त गरेर सहज अवस्थामा ल्याइदिने हो भने सालकको लागि यो नै सबैभन्दा ठूलो उद्धार हुनेछ, हामीले यहि नै गर्नु पर्दछ । सम्भव भएसम्म यसलाई यसको आफ्नो बासस्थानमा नै छाडी दिनु पर्दछ । यसैगरी यसको दुलो देखेमा दुलोलाई खोतल्ने, चलाउने आदि नगर्ने, यसको दुलोमा ढुंगा, सिसा वा अन्य काठ, दाउराले दुलोको मुख नछोप्ने, दुलोमा आगो लगाउने, धुवाँको श्रीजना गर्ने वा पानी हाल्ने जस्ता गतिविधि नगर्ने र कसैले यसो गरेको देखेमा उसलाई तत्काल रोक्नु पर्दछ । यस्ता गतिविधिमा संलग्न कोहि देखेमा र यदि उ संकास्पद गतिविधिमा लागेको हो जस्तो लागेमा तत्कालै नजिकको प्रहरी/वन समूह/वन कार्यालय/वडा कार्यालयमा खबर गर्ने । यसैगरी सालक घाइते छ वा त्यसको कुनै अंगमा चोट लागेको छ, शरीरबाट रगत बगेको छ वा आत्तिएर कुनै समस्यामा परेको जस्तो महसुस भएमा अथवा कुनै पनि कारणले सालक मरेको देखेमा वा मरेको सालकको कुनै अंग फेला परेमा ढिलो नगरिकन सम्बन्धित निकायमा खबर गर्ने र जिम्मा लगाउनु पर्दछ ।

धेरै जनाको प्रश्न यो जनावरलाई चिडियाखानामा राखेर पालन गरे हुँदैन र ? भन्ने छ । वहाँहरूको जिज्ञासा जायज नै होला तर यसले कमिला, धमिरा जस्ता प्राकृतिक आहारा नै चाहिने, त्यसको बिकल्प नभएको हुनाले यसलाई चिडियाखाना वा यस्तै खोरमा राखेर पालन पोषण गर्न प्रायः असम्भव नै हुने हुनाले यसलाई प्राकृतिक अवस्थामा नै रहन दिनुपर्ने र हामीले केवल यसको लागि अनुकुल वातावरण मात्र बनाए पुग्दछ । तसर्थ यसको लागि यसको बासस्थान नचलाउने, धमिराको गोला (देवल) नफूटाउने, रुखमा भएका कमिलाको गोलोलाई नचलाउने आदि गर्नु पर्दछ ।

## लोप हुने कारण

सालक एक मात्र कारणले होइन अनेक कारणले संकटमा पर्दै गएका छन् जसको कारण यिनको संख्या विश्वव्यापी रुपमा नै घटी रहेका छन् । यहाँ केहि मुख्य कारण मात्र राखिएको छ ।

- अवैध चोरीनिकासी एवं व्यापार सालक लोप हुनुको प्रमुख कारण हो । अध्ययन ले के देखाएका छन् भने विश्वमा अवैध रुपमा हुने व्यापारमा वन्यजन्तुको अंगको व्यापार चौथो अवैध व्यापार भित्र पर्दछ । संसारमा प्रत्येक ५ मिनटमा एउटा सालक मारिन्छन् र संसारको सबैभन्दा बढी चोरी शिकारी हुने स्तनधारी वन्यजन्तुमा सालक पर्दछ ।



- आफ्नो जीवन बचाउन यसले गर्ने प्रयत्न पनि यसको शिकारको लागि अभिशाप देखिन्छ । यसका आफ्ना शत्रुबाट ज्यान जोगाउन यो डल्लो परेर बस्छ । जसका कारण प्राकृतिक शत्रुबाट त जोगिन्छ तर मान्छेले यहि प्रकृतिको नाजायज फाइदा उठाएर यसको सहज शिकार गर्दछन् र एक स्थानबाट अर्को स्थानमा सजिलैसंग लैजान्छन् ।
- नेपाल लगायत विभिन्न देशमा अन्धविश्वास, समुदायमा जनचेतनाको कमीका कारण पनि सालकको शिकार हुने गरेको छ ।
- सालक संरक्षणमा विभिन्न सरोकारवालाको चासो कम देखिन्छ । संरक्षणमा संलग्न रहेका अधिकांश संघसंस्थाको अधिकांश चासो ठूला जनावरमा देखिन्छ तर कानुनले उत्तिकै महत्व दिएको यो सालक र यस्ता साना जनावरमा कम चासो पाइन्छ जुन अत्यन्त चिन्ताको विषय हो ।
- सालक प्राय एक्लै बस्न मन पराउने जनावर हो, समागमको बेलामा मात्र यो जोडीमा बस्छ र समागम पनि वर्षको एक पटक मात्र हुने, गर्भको अवस्था ६ देखि ७ महिना लामो हुने, एक बेतमा प्रायः एक मात्र बच्चा जन्माउने, जन्मिएका बच्चा पनि करिव २–३ वर्षको उमेर पुगेपछि मात्र प्रजनन्

योग्य हुने हुनाले यसको संख्या वृद्धिमा कमजोर र ढिलो देखिन्छ ।

- जलवायु परिवर्तन, वन डढेलो, अत्यधिक चरिचरण, साँघुरिंदै गएको बासस्थान, वनक्षेत्रको अतिक्रमण, वासस्थानमा अत्यधिक मानवीय गतिविधि, वन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण लगायतको गतिविधिले यसको बासस्थान खुम्चँदै र क्रमशः साँघुरो हुँदै गएको छ र यी उपयुक्त बासस्थानको अभावमा क्रमशः मासिंदै गएका छन् ।
- यसको मुख्य प्राकृतिक आहारा धमिरा, कमिला तिनका अण्डा मात्र हो । एक नभई अनेक मानवीय कारणले यिनको प्राकृतिक आहारा कम हुँदै गएका छन्, आहारको विकल्पको अभाव र आहारको कमी, खानाको अभावमा आदिले कतिपय स्थान यी मरिरहेका छन् ।
- किसानले बालिनालिमा प्रयोग गरेका किटनाशक विषादी आदिको कारणले पनि यिनमा नकारात्मक अवस्था श्रीजना गरेको छ ।

## धादिङमा सालकको अवस्था

सालकको बारेमा धादिङमा विस्तृत अध्ययन भएको छैन । वन तथा वातावरण मन्त्रालयको आयोजनामा WWF Nepal को सहयोगमा सालकको राष्ट्रिय सर्वेक्षण (२०१६) हुँदा धादिङमा नीलकण्ठ नगरपालिका सहित तत्कालिन विभिन्न ११ गाविसको वनहरूमा सालक रेकर्ड गरिएको थियो । प्रकृति लागि ह्वाइटली कोषको (Whitley Fund For Nature) सहयोगमा साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन (SMCRF) ले तीन वटा सामुदायिक वनमा वृक्षारोपण र ५०० भन्दा बढी घरमा सालक र वन डढेलो बारेमा सचेतना अभियान सञ्चालन गरिएको छ । साथै समुदायहरूको क्षमता अभिवृद्धि गर्न तालिम र वैकल्पिक जीविकोपार्जन सहयोग पुऱ्याउने कार्यक्रमहरू, वन डढेलोबाट सालकलाई पर्ने प्रभाव मूल्याङ्कन गर्न स्थानीय समुदायहरूको सहभागितामा अनुसन्धान पनि हुँदैछ । क्याम्पस तहको केहि अध्ययन हुँदैछ र आगामी दिनमा नयाँ कुरा पत्ता लाग्दै जानेछ । धादिङमा कालो र तामे दुबै प्रकारका सालक पाइन्छ भनेर दावी गरिए तापनि हालसम्म तामे सालकको उद्धार वा मुद्दाको घटना देखिएका छैन । यहाँ हालसम्म सबै कालो सालक सम्बन्धी उद्धार र मुद्दाको घटना देखिन्छ ।

धादिङमा सालक उद्धारको तथ्याङ्क हेर्दा गोरखाको सिमाना बुढीगण्डकी सल्यानटारदेखि धादिङबेसी (निलकण्ठ नगरपालिका आसपासको क्षेत्र) र काठमाडौंसंग जोडिएको भाग धुनिबेसी नगरपालिका नौबिसे खण्ड, केवलपुर, थान्सिङ्ग बेसीसम्म



पाइएको छ । पहिला निकै संख्यामा देखिने सालक पछिल्लो समय बासस्थानको विनाश र चोरी शिकारीको कारणले निकै घटेको तथ्यहरू, यहाँका बुढापाका र सामुदायिक वनका उपभोक्तासंगको छलफलले देखाएको छ ।

## नेपालमा सालकको संरक्षण एवं कानुनी प्रावधान

सालक नेपालको संरक्षित वन्यजन्तु हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले सालक (कालो सालक र तामे सालक) सहित २७ प्रजाति स्तनधारी प्राणीलाई लोपोन्मुख सूचीमा राखी बाघ, गैंडा, हात्ती, कस्तुरी, हाब्रे जस्तै सालकलाई पनि गरेको छ । यस ऐनको दफा २६ को उपदफा १ अनुसार संरक्षित जनावर सालक मारेमा, घाइते बनाएमा वा यसको अंगको व्यापार गरेमा ५ लाखदेखि १० लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । राष्ट्रिय निकुञ्ज ऐन २०२९, वन ऐन २०७६, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ र निकासी पैठारी ऐन २०१३ ले सालकको व्यापारलाई अवैध मानि विभिन्न कानुनी कारवाहीको प्रावधान राखेको छ ।





अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (IUCN) ले तामे सालकलाई सङ्कटापन्न (Endangered) र कालो सालकलाई अति सङ्कटापन्न (Critically Endangered) सूचीमा सूचीकृत गरेको छ । त्यसैगरी वन्यजन्तुसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार अभिसन्धि (CITES) को अनुसूची (Appendix I) मा राखेको छ । यसरी हेर्दा सालकलाई कानुनी तवरबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा संरक्षण गरेको देखिन्छ तर अत्यन्त दुर्भाग्यको कुरा चाहीं यो संसारमा धेरै चोरी शिकारी हुने जनावरमा पर्दछ र संसारभरि क्रमश संकटमा परिरहेको छ ।

अहिलेसम्मको सालक लगायतका अन्य जनावरको मुद्दामा सामान्य र गरिवीको घेरामा रहेको मान्छे परेको देखिन्छ । गाउँमा कोहि नयाँ मान्छे देखापरेर उसले संकास्पद गतिविधि गर्ने, आ... यस्तो केहि हुँदैन, मैले सबैतिर कुरा मिलाएको छु भने गफ लगाउने, गाउँका मान्छेलाई केहि आर्थिक प्रलोभनमा पार्ने, यो सामान त्यहाँसम्म पुऱ्याई देउ म त्यहि आएर भेटौला वा त्यहाँ यस्तो हुलिया भएको मान्छेलाई यो सामान दिनु, म तिमीलाई केहि पैसा दिन्छु भनेर काम लगाउने गरेको देखिन्छ । यस्ता मान्छेले भनेको काम कुनै पनि हालतमा गर्नु हुँदैन। उनीहरू सोझा र सामान्य गाउँलेबाट यस्ता काम लिने र केहि गरेर ती गाउँले कानुनी फन्दामा परेमा आफु बेपत्ता हुने गर्छन् र अन्त्यमा ती सोझा मानिसहरूले लामो समयसम्म जेलनेल भोग्नु परेको हुन्छ। अहिलेसम्मको वन्यजन्तुको मुद्दामा परेका मान्छेको तथ्याङ्कले यहि देखाउँदछ तसर्थ यस्ता विषयमा स्थानीय समूहका मान्छे अत्यन्त चनाखो हुनुपर्दछ । यस्ता घटना घट्नु अगावै वा घटछ् भनेर थाहा पाउना साथ वा शंका लाग्नासाथ वन कार्यालयलाई वा प्रहरीलाई तत्कालै खबर गरिहाल्नु पर्दछ । घाइते सालकलाई चलाउने, यसलाई वा यसको अंगको कुनै पनि भाग घर लैजाने गरेमा यो पनि दण्डनीय अपराध हुने हुनाले यसको जानकरी सबैलाई हुन जरुरी छ । मैले त राम्रो उद्देश्यले नै घर लगेको हुँ, पालन गर्न वा जोगाउने उद्देश्य थियो भनेर कुनै पनि कानुनी छुट हुँदैन, यो सिधै कानुनी प्रक्रियामा जाने हुनाले यसको बारेमा बेलैमा ध्यान दिनुपर्दछ ।

## सालक संरक्षण योजना (२०१८-२०२२)

सालकको निरन्तर घट्दो संख्यालाई मध्यनजर गरेर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस जनावरको संरक्षणका लागि ५ वर्षको लागि सालक संरक्षण योजना बनाएको थियो । यसमा मुख्यतः ४ वटा उद्देश्य राखिएका थिए, जसअनुसार :

- सालकको संरक्षणको अवस्था, बासस्थान, परिस्थिकीय प्रणालीको ज्ञानमा अभिवृद्धि गर्ने,
- सालकको अवैध चोरी शिकारी तथा व्यापार नियन्त्रण गर्ने,
- सालक संरक्षणका लागि बासस्थानको खोजी एवं व्यवस्थापन गर्ने,
- सालक संरक्षणका लागि स्थानीय जनताको उत्तरदायित्वको वृद्धि गर्ने ।

यो कार्ययोजनाले सालक संरक्षणको लागि थुप्रै योजना बनाए पनि बजेट अभाव, सबै सरोकारवालाको समान चासो नदिएको कारण प्रभावकारी ढंगले लागु हुन नसकेको सरोकारवालाको बुझाइ छ, यद्यपी यसले सालक प्रतिको राज्यको चासो उजागर भएको देखिन्छ । यसको कार्यान्वयनको पक्षको सूक्ष्म विश्लेषण गरेर आगामी दिनमा अझ कसरी प्रभावकारी काम गर्न सकिन्छ भन्ने विषयमा वृहत छलफल गर्नुपर्ने देखिन्छ ।



## सालक संरक्षणमा संघसंस्था

नेपाल संरक्षणको क्षेत्रमा प्रसिद्ध छ जुन कुरा विश्वको अगाडि छर्लङ्ग छ । यहाँका संरक्षण क्षेत्रमा सरकारी तथा गैर सरकारी तवरमा भएको लगानी र त्यसबाट आएको प्रतिफलले यसको झल्को दिन्छ । हामी अधिकांश अवस्थामा ठूला जनावरमा नै केन्द्रित भयौं, यो आफैमा राम्रो र सफलतम कुरा पनि हो । तर सालकको संरक्षण र प्रवर्द्धनको लागि जति प्रचारप्रसार र व्यवस्थापनको कार्यक्रम हुनुपर्ने हो त्यति नभएको सबै सरोकारवालाले महसुस गरेका छौं । अहिले सालक वास्तवमा नै संकटमा पर्न थालेको छ । यदि यसको संरक्षण र प्रवर्द्धनमा समयमा नै सक्रिय अभियानमा नलाग्ने हो भने कुनै दिन यो इतिहासमा नै सिमित हुने डरलाग्दो अवस्था श्रृजना भएको तथ्यलाई मनन् गर्दै यसको संरक्षण, अध्ययन, अनुसन्धान, प्रवर्द्धनको लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्था कार्यरत छन्, जसमध्ये प्रमुख निम्न रहेका छन् ।

- वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र यस अन्तर्गतका विभिन्न संरक्षित क्षेत्रहरू
- ७ वटै प्रदेशका वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय र देशभरिका ८४ वटा डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालयहरू
- वन तथा भू–संरक्षण विभाग
- नेपाल प्रहरी/सी आई बि/संरक्षणमा खटिएको नेपाली सेना
- देशभरिका समूहमा आधारित वन व्यवस्थापकहरू (सामुदायिक, साझेदारी, मध्यवर्ती वन समूहहरू)
- WWF, Nepal
- राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC)
- जूलोजिकल सोसाईटी अफ लन्डन, नेपाल (ZSL)
- आइ यु सी एन, प्याङ्गोलिन स्पेसिलिस्ट ग्रुप (IUCN)
- साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन (SMCRF)
- ग्रीनहुड नेपाल (Greenhood Nepal)
- त्रि.वि.वि. अन्तर्गतको प्राणी शास्त्र
- वन विज्ञान अध्ययन संस्थान, कृषि तथा वन विश्वविद्यालय
- प्राकृतिक विज्ञान संग्रहालय, स्वयम्भू
- सदर चिडियाखाना, जावालाखेल
- हिमाली प्रकृति, लाजिम्पाट
- वन्यजन्तु निगरानी समूह, पुल्चोक
- वन्यजन्तु संरक्षण नेपाल
- नेपाल वन प्राविधिक संघ र नेपाल रेन्जर संघ, बबरमहल



- मिथिला वाइल्ड लाइफ ट्रस्ट, जनकपुर
- हिमवन्ती नेपाल
- दक्षिण एशिया वन्यजन्तु कानुन कार्यान्वयन सन्जाल
- Wildlife Conservation Association Nepal
- विभिन्न संघसंस्था, अन्य बाल/इको क्लब चोरी शिकारी नियन्त्रण सञ्जालहरू

हामीलाई सालक संरक्षणमा थप जानकारी चाहिएमा यी संघसंस्थासंग समन्वय गरेर थप जानकारी लिने, अध्ययन अनुसन्धानमा आवश्यक समन्वय, सहकार्य गर्न सक्छौं । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सालक सर्वेक्षणको लागि राष्ट्रिय स्तरमा सालकको अनुगमन प्रोटोकल तयार गरेको छ ।

## सालक संरक्षण अभियान:

विश्वव्यापी रुपमा नै सालकप्रेमीहरू सालकको संरक्षणमा लागि परेका छन् । यसले उज्यालोको र सुखद पक्षको संकेत गर्दछ । संसारका कैयौं देशले कानुनको मद्दत र चेतना अनि जनसहभागिताको माध्यमबाट संरक्षण अभियान जुटेका छन् ।

- संरक्षणमा लागि रहेको अन्तर्राष्ट्रिय संस्था आईयूसीएनले सालक संरक्षणको लागि सन् २०१२ देखि सालकको क्षेत्रमा कार्यरत विज्ञहरूको समूह प्याङ्गोलिन स्पेलिस्ट ग्रुप (Pangolin Specialist Group) गठन गरी संसारभरी आफ्नो अनुभव आदानप्रदान गर्ने गरेका छन्, यसले सालकको नयाँ नयाँ तथ्य र अवस्थाको बारेमा चासो, चिन्ता र सहकार्य गरिरहेको छ ।
- सालकको बारेमा विश्वव्यापी रुपमा चेतना जगाउन सन् २०११ देखि विश्वव्यापि रुपमा र सन् २०१५ देखि  नेपालमा हरेक वर्ष अंग्रेजी महिनाको फेब्रुअरीको तेस्रो शनिवार विश्व








सालक दिवस (World Pangolin Day) मनाइने गरिएको छ। यो कार्यक्रम नेपालमा पनि विभिन्न स्थानमा आफ्नो आफ्नो ढंगले मनाइने गरिएको छ। गतवर्ष फाल्गुन ५ गते राष्ट्रिय स्तरमा डिभिजन वन कार्यालय राप्ति, मनहरीमा विभिन्न सरोकारवालाको समन्वय र आयोजनामा भब्य रुपमा मनाइएको थियो भने यो वर्ष धादिङको धादिङबेसीमा यहाँका संरक्षणकर्मीको आयोजनामा अहिले मनाइरहेका छौं। यस्ता कार्यक्रमबाट जिल्ला र देशव्यापी रुपमा नै जनचेतना जगाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसरी दिवस मनाइँदा विभिन्न नारा सहित मनाइने गरिएको छ। गत वर्ष (२०२३) को नारा समूहको नेतृत्वमा सालक संरक्षण थियो भने यो वर्ष सालक संरक्षणको लागि एकता भन्ने नारा सहित मनाउँदैछौं।

- बागमती प्रदेश सरकारले आ.व. २०८०/८१ को आफ्नो नीति तथा कार्यक्रममा सालक संरक्षणको विषय सम्बोधन गरेको छ। प्रदेशको वन तथा वातावरण मन्त्रालयले प्रत्येक डिभिजन वन कार्यालयमा सालक संरक्षण, बासस्थान प्रवर्द्धन लगायतको काममा रु. ४ लाखको दरले बजेट बिनियोजन गरेको छ र संघीय मन्त्रालय र अन्य साझेदारी संस्थाबाट पनि केहि रकम बिनियोजन गरेको छ, यसबाट सालकको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरेका छौं।
- मकवानपुर जिल्लाले सालकलाई गौरवको प्राणी घोषणा गर्ने अभियानमा छ, यसैगरी धादिङ जिल्ला लगायतका अन्य जिल्लाले पनि सालकलाई संरक्षण गर्ने अभियान चलाइरहेको छ।
- गतवर्ष हेटौंडामा सम्पन्न भएको बागमती प्रदेश स्तरीय खेलकुद महोत्सवमा प्रतिक चिन्ह (मस्कट) सालक बनाइएको थियो यसले सबै खेलप्रेमीको माझमा सालकको सन्देश पुग्न सफल भएको छ भने राष्ट्रिय / अन्तर्राष्ट्रिय स्तरका सबै सालकप्रेमीलाई उत्साहित बनाएको छ।
- मकवानपुर जिल्लाको स्काउटले आफ्नो नियमित हाइकिङ्ग (Pangolin Scount Hiking) र ट्रेकिङ्गको नाम नै सालक हाइकिङ्ग भनेर संचालन गरेको छ, यी सबै गतिविधिले जनस्तरमा बिस्तारै सालकको महत्व बढ्दै गएको देखिन्छ।
- विद्यालयमा नियमित हुने इको क्लबको छलफल, सामुदायिक वनका नियमित भेला, पालिकाको अन्तरक्रिया, मिडियासंगको संवाद जस्ता कार्यक्रममा यी विषयलाई उठाउने गरिएको छ, जिल्लाका धेरैजसो जनसम्पर्क हुने कार्यालयमा यसको संरक्षण सम्बन्धी फ्लेक्स बनाएर राख्ने र आगामी दिनमा समेत निरन्तरता दिनु पर्नेछ, यसले जनस्तरमा एक प्रकारको चेतना फैलिएको हामीले महसुस गरेका छौं।
- रानी सामुदायिक वन, चुच्चेखोला सामुदायिक वन, चनौटा सामुदायिक वन, भक्तपुर, काठमाडौं लगायत देशका विभिन्न सामुदायिक वनमा सालक संरक्षणका विभिन्न गतिविधि संचालनमा आएका छन्।
- डिभिजन वन कार्यालय राप्ति, मकवानपुर मनहरीको कम्पाउण्ड, डिभिजन वन कार्यालय धादिङको कम्पाउण्डमा सालकको बारेमा चेतना जगाउने उद्देश्यले सालकका मूर्ति बनेका छन् र यसले जन समूहमा यसको बारेमा चासो बढाउन ठूलो भूमिका खेलेको छ। यसैगरी डिभिजन वन कार्यालय, ललितपुर, सिन्धुली र रामेछापले यहि आ.व.मा मूर्ति सहितको सालक पार्क निर्माण गरिरहेको छ। मकवानपुरका रानी, चुच्चेखोला, चनौटा सामुदायिक वनमा मूर्ति सहित सालक पार्कको निर्माण, यसैगरी हेटौंडा बजारको बसपार्कमा नगरपालिकाको लगानीमा सालक






पार्कको निर्माण गरिको छ र क्रमशः सालक मुलधारमा आइरहेको हामीले महसुस गरेका छौं र आगामी दिनमा यो विषयले अझ प्राथमिकता पाउनेछ भन्ने अपेक्षा गरेका छौं ।

- स्थानीय, राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चारको माध्यमले क्रमश यो विषयलाई स्थान दिइरहेका छन् । विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीले आफ्नो सोधपत्रको क्रममा र अन्य अनुसन्धानको लागि काम गरिरहेका छन् ।

## बागमतीको गौरव

सालक संरक्षण कार्ययोजना (२०१८–२०२२) को तथ्यांक अनुसार बागमती प्रदेशका १३ वटा जिल्लामा नै सालक पाइएको छ । जसमध्ये अधिकांशमा कालो र केहीमा तामे सालकको उपस्थिति रहेको पाइएको छ । यो हामी बागमती प्रदेशबासीले अत्यन्त गौरव गर्नुपर्ने र उच्च प्राथमिकताको साथ सार्वजनिक फोरममा उठाउनुपर्ने विषय हो । यसैगरी संरक्षित क्षेत्रतर्फ चितवन राष्ट्रिय निकुञ्ज, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, गौरीशंकर संरक्षण क्षेत्रमा सालक पाइन्छ भनि उल्लेख छ भने लाङटाङ राष्ट्रिय निकुञ्जको व्यवस्थापन योजनाको (२०७७/७८–०८१/८२) प्रजाति संरक्षण विशेष योजनामा सालक संरक्षण योजना बनाइएको छ ।

बागमतीको प्रदेशको दोस्रो प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा सालक मस्कट राखिनु आफैमा एउटा सुखद संयोग हो र यसले यो विषयलाई ठूलो आधार दिएको छ। बागमतीका सबैजसो जिल्लामा सालक संरक्षण सम्बन्धी कुनै न कुनै गतिविधि संचालनमा छन् र यहाँ सालक प्रति सरोकारवालाको गम्भीर चासो देखिन्छ ।

सालक बामगती प्रदेशको उत्तरी भेगको रसुवादेखि दक्षिणी भेगको मकवानपुर, पूर्वको सिन्धुलीदेखि पश्चिमको चितवन सबै जिल्लामा पाइनु आफैमा सुखद संयोग हो । यिनै कारणले सालकलाई बागमती प्रदेशको **गौरव जनावर**को रुपमा घोषणा गरिनु पर्दछ भन्ने हाम्रो जोडदार माग रहेको छ । यसले अन्य प्रदेशलाई पनि त्यहाँको भूगोल, अवस्था र वन्यजन्तुको उपस्थिति आदिलाई हेरेर अन्य बिभिन्न जनावरलाई प्रदेश गौरवको जनावर घोषणा गर्न र अपनत्व ग्रहण गर्न प्रेरित गर्नेछ । यसरी परम्परागत रुपमा वन्यजन्तु संरक्षणको जिम्मा भनेको राष्ट्रिय निकुञ्ज विभागको मात्र हो भन्ने भाष्यलाई बदलेर वन्यजन्तु संरक्षणमा प्रदेश सरकार र बिभिन्न वन कार्यालय पनि उत्तिकै जिम्मेवार छन् र वन्यजन्तुको व्यवस्थापन सरल र सहज ढंगले गर्न सक्नेछन् भन्ने मान्यता स्थापित




हुनेछ । कालान्तरमा यसले ठूलो व्यवस्थापन चुनौतिको रुपमा रहेको संरक्षित क्षेत्रभन्दा बाहिरको वन्यजन्तु व्यवस्थापनको जटिलतम पाटो फुकाउन कोशेढुंगा साबित हुने अपेक्षा हामीले गरेका छौं । यसको लागि हामी बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र यस अन्तर्गतका सबै कार्यालयहरू, सबै जिल्ला समन्वय समिति, सबै पालिका, यहाँका सबै सामुदायिक वन, टोल विकास संस्था, सबै मिडिया र अन्य सबै साझेदार निकायलाई आवश्यक, समन्वय, सहकार्य र पहल गरिदिनुहुन समेत अनुरोध गर्दछौं ।

## अबको बाटो

सालकको संरक्षणका लागि निम्न काम तुरुन्त गर्नुपर्ने महसुस गरेका छौं :

- **अपनत्व स्वीकार**ः सर्बप्रथम संरक्षणका सबै साझेदार निकायले सालक र सालक जस्ता भुइँ र साना जनावरको बारेमा पनि हामीले गहनताका साथ लाग्नु पर्छ भन्ने कुराको अनुभूति र अपनत्व स्वीकार गर्नुपर्दछ । वर्षको एक पटक दिवस समारोह मनाउने, फोटो छाप्ने, पत्रिकामा लेख छपाउने जस्ता कर्मकाण्डी कार्यक्रमले मात्र सालक जस्ता जनावरको संरक्षण सम्भव छैन तसर्थ यो विषयले उच्च महत्व पाउनु पर्छ ।

- **सालक संरक्षण कार्ययोजना**ः सालक संरक्षण कार्ययोजना (२०१८–२०२२) बन्यो तर यसमा उल्लेख गरिएका विषयको कति कार्यान्वयन भए, कति उपलब्धि भयो, कति बजेट प्रस्ताव गरिएको थियो र कति लगानी भयो त्यसको समिक्षा गरेर पुनः विभिन्न संरक्षणका साझेदारी निकायसंग





समन्वय, सहकार्यमा देशव्यापी विस्तृत अध्ययन गरेर थप कार्यक्रम ल्याइनुपर्दछ । यो स्थानीयले बुझ्ने, अपनत्व लिन सक्ने र कार्यान्वयनयोग्य कार्ययोजना बनाइनु पर्दछ । यसैगरी ७ वटा प्रदेशले आफ्नो अवस्था अनुसार छुट्टाछुट्टै संरक्षण योजना बनाई लागु गर्नुपर्दछ ।

- **अध्ययन, अनुसन्धान, स्थानीय कार्ययोजना निर्माण र लागु गर्ने गराउने** : सालकको बारेमा अत्यन्त कम अध्ययन अनुसन्धान भएका छन्, भएका मध्ये अधिकांश अध्ययन आफ्नो पढाइको सिलसिलामा भएका छन् अब यसलाई संघीय तथा प्रदेश वन तथा वातावरण मन्त्रालयले विभिन्न साझेदारी संघसंस्थाको सहकार्यमा गहनतम अध्ययन र अनुसन्धान गर्नुपर्नेछ ।
- **वासस्थान व्यवस्थापन**: अहिलेसम्म केहि गैर सरकारी संस्थाले सिमित स्थानमा सालक सम्बन्धी काम गरेको पाइएको छ तर यसको बासस्थान व्यवस्थापनको लागि अत्यन्त सिमित प्रदेशमा सिमित कार्यक्रम आएको छ । यसलाई सबै प्रदेश सरकारले बासस्थान व्यवस्थापनको लागि समेत बजेट बिनियोजन गरेर काम सुरु गर्नुपर्ने देखिन्छ । यसका अलावा अध्ययन अनुसन्धानको लागि केहि स्थानमा कृतिम बासस्थान निर्माण गर्ने र उद्धार गरेर छाडिएका सालकमा रेडियो ट्यागिङ, क्यामेरा ट्र्यापिङ सहितको अध्ययन जस्ता विषय पनि समावेश गरिनुपर्दछ ।
- **संरक्षण सचेतना अभिवृद्धि**: अहिले पनि सालक संरक्षणको मुख्य चुनौती भनेको यसको बारेमा चेतनाको अभाव र अज्ञानता नै देखिएको छ । मुद्दामा पक्राउ परेका मानिसको बयानलाई आधार मानेर हेर्दा केहि तस्करको प्रलोभनमा परेर पक्राउ परेका अलावा धेरैजसो थाहा नपाएर घरमा यसको आखेटोपहर राख्दा वा मासुको लोभमा पक्राउ पर्नु हामी सबैको चिन्ताको विषय हो र यस्ता घटना दोहोरिन नदिन सबैभन्दा प्रभावकारी उपाय भनेको वन समूहका सदस्य, टोल विकास संस्था, आमा समूह, स्थानीय हरित वा अन्य क्लब, स्कुले नानीबाबुलाई इको क्लब, पुस्तिका, ब्रोसर आदि मार्फत जानकारी पुऱ्याई आफ्नो आफ्नो घर वा टोलमा भन्न लगाउने, स्थानीय सञ्चारका माध्यमबाट प्रसारण गर्ने, गराउने र पालिकाले आफ्नो नियमित कार्यक्रममा यसलाई आफ्नो एजेन्डा बनाउने आदि गर्नु पर्दछ ।



- **शिकार तथा व्यापार नियन्त्रण र कारबाही** : देशभरिका सालकको मुद्दालाई हेर्ने हो भने यो आकडा ठूलो छ। यसको संरक्षणको लागि स्थानीय स्तरमा सालकको बारेमा कानुनी सचेतना कार्यक्रम, शिकार तथा व्यापारमा संलग्नलाई पक्राउ गरी कडा कानुनी कारवाही, अनुगमन जस्ता काम गर्नुपर्दछ।
- **जनताको क्षमता अभिवृद्धि र सहभागिता** : संरक्षण क्षेत्रमा सालक लगायत अन्य वन्यजन्तुको सुरक्षा प्रबन्ध राम्रो हुने तर त्यसको तुलनामा संरक्षण क्षेत्रभन्दा बाहिरको वनक्षेत्रमा सुरक्षाको व्यवस्था अलिक कम हुने हुँदा सालक लगायतको जनावरको संरक्षणमा डिभिजन वन कार्यालय, सामुदायिक, साझेदारी, मध्यवर्ती सामुदायिक वन उपभोक्ताको मुख्य भूमिका हुन्छ । सबै वन कार्यालय, पालिका, नागरिक समाजले यस्ता विषयलाई प्राथमिकता दिनु पर्दछ।

अन्त्यमा, प्रकृतिको उपहार, किसान मैत्री, प्रकृतिमैत्री हितकारी जनावर हाम्रो सक्रिय व्यवस्थापनको अभाव र ज्ञानको अभावमा दिनानुदिन संकटमा परिरहेको छन्। यिनको व्यवस्थापन गर्नु हाम्रो पहिलो र अनिवार्य दायित्व हो, यो महान अभियानमा संलग्न हुन हामी सबै सरोकारवालालाई हार्दिक अनुरोध गर्दछौं ।

# लघुकथा: जिद्दी केटो र सालक

डाक्टर हिमलाल श्रेष्ठ
अश्राङ्ग, गोरखा, हाल – कटुन्जे, भक्तपुर

उसको अघि केही लागेन । उसले आफ्नो जिद्दी छाड्दै छाडेन – "पालेर राख्ने घरमा" । उसको बाबा आजित भएर भने – "यो त वन्यजन्तु हो । वनमा बस्दा रमाउँछ । हामीले त उसलाई कहाँ खान्की पुर्‍याउन सक्छौं र ! फेरि वन्यजन्तु घरमा पाल्ने अनुमति पनि त हुँदैन ।" उसलाई कुनै तर्कले टार्न सकिएन ।



"केटो घर खेतमा आइपुगेको सालक घरमा पाल्ने भनेर जिद्दी गर्दैछ सर । खाने कुरा के दिनु ? फेरि सालक घरमा पाल्दा कानुनी फन्दामा पो परिने हो कि ।" दुखेसो लिएर उसको बाबा वन अधिकृतको अफिसमा पुगे । अधिकृत खुशी मनले मुस्कुराउँदै बोले, "समस्याको समाधान हुन्छ । समाधान नहुने त समस्या नै होइन ।" अधिकृतले कक्षा दस पढ्ने जिद्दी केटोसंग धेरै बेर कुरा गरे । उ अर्थात् उमेश खुशी हुँदै अफिसबाट बाबासंगै बाहिरियो ।

समयक्रमले कोल्टे फेर्दै गयो, वन अधिकृतको सल्लाहमा उसको संयोजनमा स्थानीय सामुदायिक वनको समिपमा सालक संरक्षण पार्क बन्यो ।

## यो घटनाको केहि वर्ष पछिः

उसकी आमा डाँडाको जुन जस्तै भैसकेकी थिइन्, कपाल फुलेर सेताम्मे भएका थिए, टेलिभिजनमा तल्लिन थिइन्, अकस्मात उनको ध्यान टिभीको समाचारले तान्यो – "सालक संरक्षणको लागि उमेशले प्राप्त गरे अन्तर्राष्ट्रिय पुरस्कार ! जिद्दी केटोको....सालक संरक्षण अभियान..." समाचार बजिरहेको थियो, जिद्दी छोरो र उसको बाबाको धुमिल चित्र उसकी आमाको आँखामा देखा पर्‍यो, मानस पटलमा पुराना कुराको सम्झना घुमिरह्यो – "त्यो रात जब वन अधिकृतलाई भेटेर आयो, उमेश सुत्न सकेन, धेरै बेरसम्म आमाको वरिपरि घुमी रह्यो, अधिक खुशी थियो । उसको चंचलता देखेर उनलाई पनि निन्द्रा लागिरहेको थिएन, उमेश सुत्यो तर उसकी आमा सुतेकी थिइनन् । उमेश सपनामै बोलिरहेको थियो, ऊ हेर त पारु, कति सौम्य र शान्त प्राणी, उसको जिउ भरि खवटा छ र त्यसैले उसको आकर्षण थपेको छ, आँखामा हेर उसले कस्तो वैश्विक शान्ति प्रकट गर्दछ, न उसलाई मर्छु भन्ने डर छ, न उसले कसैलाई शत्रुताको भावले हेर्दछ, उसले केवल संसारमा रहेका सबै प्राणीको जिउने अधिकार छ भन्ने बुझ्दछ, अन्य प्राणी पनि सबै राम्रा होलान् तर यो हेर त सालक हाम्रो नजिक आउँछ, हामीलाई मित्रवत् ठान्दछ, एक हिसावले किसानको हित गर्दछ, कृषिको जैविक प्रणालीमा सन्तुलन कायम गर्दछ ।"

*२०८० पौष ९ गते*





# लोभले लाप, लापले बिलाप

- राम कुमार एलन

"तिम्रो बुबा त सालकको खबटा तस्कर भनेर समातिएको खबर आयो," रघुले सुनिलसँग भने, 'पत्रिकामा तिम्रो बुवाको फोटो छापिएछ र यहाँको मनहरी एफ.एम.ले पनि समाचार प्रसारण गऱ्यो । बुझ्यौ, यसको त कानुन पनि कडा रहेछ । "के रहेछ, कानुनमा, हाम्रा बुबालाई त कसले फसाए, बिचल्ली हुने हो हाम्रो ।" चिन्तित हुँदै सुनिल बोल्यो । मुद्दा र सजाय पनि ठूलो नै हुन्छ रे, यसले त परिवार सडकमा आउँछ, मालिक को हुन् ? थाहा छैन, खबटा बोक्ने हाम्रा बा जस्तै भरिया चैँ समातिन्छन् यसरी ।'

"जाउँ प्रहरी चौकी, के भइरहेको छ, बुझौँ, बुबालाई खबटा बोकाउने खोज्नुपर्ने भयो, आमालाई भनेकै छैन, पत्रिका पनि घरमा देखाएको छैन, थाहा पाए बेहोस् हुन्छिन्," सुनिलले भने, "दशा पनि कति लागेको, उता बारीमा बाली राम्रो छैन, यसपालि त अनिकाल पर्ला जस्तो छ, पोहोर खानपुग्ने फलेको बारीमा यसपालि बोटमै अन्न छैन ।" भएको अलिअलि बाली पनि चितवन र पर्सा राष्ट्रिय निकुञ्जबाट आएका हात्ती र गैंडाले चरेर सकी सके "त्यही सालक मारेर खाने, खबटा बेच्ने गरेपछि बाली कसरी सप्रन्छ त ?" रघुले भने, "तिमीलाई थाहै छैन, सालक र बारीको माटोको सम्बन्ध ।"

सुनिल झोक्किए, "सालक मार्दा बालीमा के असर गर्छ र, तिमी त नासाकै वैज्ञानिक जसरी पढाउन थाल्यौ त, बाबु समातिएका हुन् के, जेल गएका होइनन्, पायो भनेर यसरी नहेप न ।"



"यही त समस्या छ तिम्रो, दुःख पर्दा साथ दिउँ भन्छु, उल्टो नासाको वैज्ञानिकसँग दाँज्यौ," रघुले भने, "सालकले माटो मलिलो पार्छ र बाली सप्रन्छ, नजानेको कुरा बुझ्ने हो के, रिसाउने होइन ।"

सुनिल प्रतिक्रियाविहीन उभिएर ट्वाल्ल परे । बाटो काट्दै थियो । अरुबेला अटोमा हिंडे पनि आज दुबै जना हिंडिरहेका थिए । पाखामा चरा र झ्याँउकिरी 'च्याइँच्याइँ' आवाज निकालिरहेका थिए । "सालकले खेतीबाली र उत्पादनमा नोक्सान गर्ने जीव खान्छ नि, वयस्क सालकले एकदिनमा २० हजार जति धमिरा र कमिला खान सक्छ," रघुले भने, "हिजो मनहरी एफ.एम.मा वनका हाकिमसाबको इन्टरभ्यु सुनेको, सालक त खतरा साथी रहेछ किसानको, बुझ्यौ ?" "अनि सुन, सालकले खाइदिएकाले नै किरा र कमिला नियन्त्रण भएर बालीनाली फस्टाउन सकेको रहेछ, अर्को कुरा, जमिन खोस्रेर उर्वरा बनाउने काम पनि सालकले गर्दोरहेछ," रघुले भने, "यही सालक मारेर खाने, खबटा बेच्न जाने गरेपछि बारीमा बाली कसरी फस्टाउँछ ?"

"त्यही त यस्तो राम्रो कुरा जति तिम्ले मात्रै सुन्नुपर्ने, मेरा कान चैँ के भाको", त्यो एफ.एम. पनि मैले सुन्ने बेला त गीत मात्रै बजाइरहेको हुन्छ त," सुनिलले भने, "आमाले भनिरहनु भएको थियो, यसपालि कमिला र धमिराले बाली सखाप पाऱ्यो, कुरा यस्तो पो रहेछ ।"

पाएका बेला सुनिलले रघुलाई फेरि पेच हाने । रघु मुसुमुसु हासिरहे । भने, "राम्रो कुरा बुझ्न, सुन्न नासाकै वैज्ञानिक हुन पर्दैन के, रेडियो सुने पनि हुन्छ, कुरा मिलेछ त धमिरा र कमिलाको ।"

सुनिलले भने, "सालक नेपालमा कहाँ पाइने रहेछ ?" उसै पनि आज दुई जना सुर्रिएर हिंडिरहेका छन् । अझै आधा घण्टा जति नहिंडी मनहरी बजार आइपुग्दैन । बाटोमा हिंड्नेहरू पहिलाजस्तो बाक्लो छैनन् । एकाध मान्छे भेटिन्छन् । ती पनि पहिलाजस्तो कहाँ बोल्छन् र ? मोबाइल हेरिरहेका हुन्छन्, कानमा एयरफोन घुसाएर गीत सुनिरहेका हुन्छन् । मान्छेलाई मोबाइलले एक्लो बनायो । सुनिल र रघु पनि बाटोमा हिंडेका सँगै बोलेका छैनन् ।





"सालक बागमती प्रदेशका सबै जिल्लामा पाइँदोरहेछ, यो आफैँमा प्रकृतिप्रेमी प्राणी रहेछ," रघुले भने, "सामुदायिक वनको एउटा कार्यक्रममा राप्ती डिभिजन वन कार्यालय मनहरी, मकवानपुरका प्रमुख विष्णु आचार्यले भन्नुभएको सुनेको थिएँ, सालक वातावरणमैत्री जनावर, किसानको साथी र मानव समुदाय, अन्नबाली, अन्य घरपालुवा जनावरलाई हानी नगर्ने प्राणी हो, धमिरा र कमिला मात्र खान्छ, अब सालक संरक्षण गर्नु पर्छ ।"

"माटोभित्र कहाँ कहाँ पुग्नेलाई कसरी जोगाउने, कुखुरा–बाख्रा हो र खोरमा पाल्न सालक ?," सुनिलले सोधे, "सालक जोगाएर हुन्छ के ? कसले जोगाउने ?"

"बागमती प्रदेशको वन मन्त्रालयले बागमतीका सबै जिल्लामा सालक संरक्षण गर्न केही रकम विनियोजन गरेको छ," रघुले भने, "बागमती प्रदेश सरकारले 'गौरवको जनावर' घोषणा गरेर यसलाई संरक्षित जनावरको सूचीमा राख्ने भएको छ ।"

"गरिबले खान नपाएका बेला सालक जोगाउन सरकारले पैसा दिन थाले छ ?," सुनिलले भने, "आखिर सालक कसरी भयो यति महत्वपूर्ण ?"

"पहिलोपटक देख्दा त सानो न्याउरीमुसाजस्तो लाग्नसक्छ, स्तनधारी जीवमा पर्ने सालकको शरीरमा बाक्लो र कडा कत्ला (खबटा) हुन्छ," रघुले भने, "सानो डाइनोसोरजस्तो पनि देखिन्छ, पेट, थुतुनो र खुट्टाका भित्री भागबाहेक शरीरको सम्पूर्ण भाग कडा खबटाले ढाकेको हुन्छ ।" "थाहा छ तिमीलाई सालक पुच्छरको सहायताले रूखको हाँगामा पनि झुन्डिन सक्छ नि," रघुले पढाउनु पढाए सुनिललाई सालकबारे, भने, "सालकको दाँत हुँदैन, जिब्रो ४० सेन्टिमिटर लामो सम्म फैलिनसक्ने क्षमताको हुन्छ । रंग माटोजस्तै देखिन्छ । आहाराको खोजीमा राति मात्र निस्कन्छ, आक्रमण वा खतरा महसुस गरे पनि नभागी बस्छ ।"

प्रहरी चौकी पुग्न अझै केहिबेर बाँकी छ । सुनिलले घडी हेरे । घरबाट फोन आयो । मनहरी पुग्नै लागेको बताए । रघुले पनि बजार पुग्नै लाग्दा बाटोमा 'पाँच मिनेट' को मौका फेरे । गाडीका हर्न बजेको सुनिन थाल्यो । सुनिलले सुनाए, "घरमा मनहरी मात्र जान्छु भनेको छु, न कसैले बुबा समातिएको सुनाइदिए कि आमालाई ?"

रघुले सम्झाए, "केही हुन्न, मनहरी पुगेपछि सब मिलिहाल्छ, तिम्रा बुबालाई बचाउन त हामी आइरहेका छौं ।" उनले थपे, "सुन सुनिल, संसारमा आठ प्रकारका सालक पाइन्छ, तर नेपालमा चाहिँ दुई प्रकारका मात्र छन् ।"

"कस्तो दुई प्रकारको, म त उस्तै देख्छु त सबै," सुनिलले भने, "कहाँ पाइन्छ दुई प्रकारका सालक ?"

'नेपालमा कालो सालक जसलाई 'चाइनिज प्याङ्गोलियन' र तामे  सालक जसलाई इन्डियन प्यान्गोलिन भनेर भनिन्छ । रघुले भने, कालो सालक चैं विश्वमै अति संकटापन्न सूचीमा छ। "तिम्रो कुराले पनि मेरो दिमाग चक्कराइरहेको छ," सुनिलले भने, "गाउँमा बसेर यस्ता यस्ता शब्द कहिले पढ्यौ हो, स्कुलमा त यस्तो पढाउँदैन त ?" रघुले भने, गतवर्ष फाल्गुन ५ गते मनहरीको वन कार्यालयमा सालक दिवस त्यत्रो भब्यताका साथ मनाएको अनि त्यहाँ वरिपरिका सबै स्कुलका विद्यार्थी र सामुदायिक वनबाट आएका मान्छेलाइ यी सबै कुरा भाषण, गीत र भजनबाट भनेको कुरा बिर्स्यौ र ? ए थुक्क म त्यो बेला आ यस्ता कुरा के सुन्नु, के के हो दिवस मनाइ रहन्छन् अनि ताई न तुइको भाषण सुनाइ रहन्छन्, दिवस पनि कति हो कति भन्दै त्यहि दिन फिल्म हेर्न हेटौंडा पो गए भन्दै सुनिलले पछुतो व्यक्त गऱ्यो । "नेपालमा सालक सामुदायिक वनमा भेटिन्छ, जमिनमुनि बस्ने सालक आफैं खन्दै हिँडिरहन्छ, उसलाई घमाइलो वातावरण चाहिन्छ," रघुले भने, सालक समुद्रबाट करिब पच्चीस सय मिटरसम्मको उचाइको जंगलमा पाइन्छ ।" "नेपालका करिव ४५ जिल्लामा सालक पाइन्छ, चाइनिज प्याङ्गोलियन भक्तपुर, बागलुङ, चितवन, धादिङ, धनकुटालगायत २३ जिल्लामा पाइन्छ," रघु एकोहोरो जुनेलो पड्केझैं पड्किरहे, "इन्डियन प्याङ्गोलियन कञ्चनपुर, बारा, पर्सा, सुर्खेतलगायत सात जिल्लामा पाइन्छ, डडेल्धुरा, सल्यान, म्याग्दी, कास्की, नुवाकोट, सिरहा, मोरङलगायत १४ जिल्लामा चैं दुवै प्रजातिका सालक पाइन्छ फेरि ।"



"कान पाक्ला जस्तो भइसक्यो तिम्रो कुराले," सुनिलले भने, "मान्छे सालक किन मार्छन्, के काम आउँछ र तस्करी हुन्छ हो, यत्रो जरिवाना छ, कति महत्वपूर्ण हो र यो मान्छे मारे भन्दा कडा जेल र जरिवाना ?"

यति कुरा गर्दागर्दै रघु र सुनिल मनहरी प्रहरी चौकी पुगे, त्यहाँको प्रहरी टोलीसँग उनीहरूको राम्रो सम्बन्ध थियो । त्यहाँ हुने अन्य केही विवाद समाधानमा उनीहरूले सहजीकरण गरिदिएका थिए । तसर्थ प्रहरीले सुनिलको बुबालाई सहज भेट्न दियो तर त्यहाँको इन्चार्ज अलिक निरास हुँदै भन्नुभयो, "तपाईहरू यस्तो सामाजिक कार्यकर्ताको बुबा पनि यस्तो गम्भीर केसमा कसरी फस्नु भयो, यो त अलि चिन्ता हो हामी सबैलाई ।" उनीहरूसँग उत्तर थिएन । केबल खोइ सर कसरी भयो कसरी, उहाँलाई सोध्छु भने । तर इन्चार्जले अझ निरास हुँदै भन्नुभयो, "वहाँलाई कसले त्यो खबटा दियो, उहाँको न नाम थाहा छ, न ठेगाना, केवल मलाई त्यो सामान मनहरी पुऱ्याइदेऊ, २ हजार दिन्छु भनेर भारी बोकाएका रहेछन्, हामी उसलाई नै खोजिरहेका छौं तर अहिलेसम्म कुनै सुराक लागेको छैन ।" रघु र सुनिल झन् चिन्तित देखिए । तत्कालै उनीहरूले बुवालाई भेटे । बुबाको कुरा सुनेर उनीहरू ट्वाल्ल परे, बुवाले प्रहरीसँग जे भनेका थिए, त्यही कुरा छोरालाई भने । एउटा रातो सर्ट र निलो पाइन्ट लगाएको मानिसले मेरो यहाँ अलिकति काम छ, म जान भ्याइन, यो झोलाको सामान मनहरी बजारमा निलो सर्ट लगाएको मान्छे लिन आउँछ, उसलाई दिनुस्, म दुई हजार दिन्छु भनेर पैसा पनि सुरुमै दिएको रहेछ । त्यही पैसाको लोभमा उनले बोकेको कुरा भनेपछि एकछिन त सुनिल झोक्कियो, बुबालाई गाली पनि गऱ्यो तर अब उपाय केही थिएन ।

त्यो मान्छे को हो, कहाँको हो, केही थाहा नभएपछि र उसबाट सामान बरामद भएपछि कानुनले सजाय उसलाई नै दिने भयो ।

अर्को दिन बिहानै प्रहरीले दशी प्रमाणसहित मुद्दा प्रयोजनका लागि मनहरी डिभिजन वन कार्यालयमा सुनिलको बुवालाई बुझायो, रघु र सुनिलले त्यहाँ पनि निकै समन्वय गरे । वन कार्यालय, प्रहरी कार्यालय र रघु अनि सुनिल र सामुदायिकक वनका अन्य सदस्यले पनि निकै खोजतलाश गरे तर उपाय शून्य । उपियाँ उफ्रेको जस्तो गरी त्यो मानिस कहाँ गयो गयो । अब सारा मुद्दा सुनिलका बुवाले झेल्नुपर्ने भयो, बाँकी घर व्यवहारको कुरा त चौपट भयो नै ।

कुरा यतिमा सिमित भएन । जब अनुसन्धानका क्रममा मुद्दाको सजाय कति हो भनेर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा २६(१) हेरियो सुनिल झन्डै ढलेनन् । ५ लाखदेखि १० लाखसम्म नगद अनि ५ देखि १५ वर्षसम्मको जेल सजाय वा दुवै । सुनिलले छक्क पर्दै भन्यो, "यो त अति नै भएन, झन्डै मानिस मरेको जति नै सजाय ?" वनले के गरोस्, कानुनअनुसार नै गर्ने हो । केही दिनको अनुसन्धानपश्चात अदालतमा पेश भयो । अदालतले सुनिलको बुबाको कुरा सुनेपछि माग गरेअनुसार नै सजाय नदिए पनि उसका लागि पर्वत नै थियो, न त्यत्रो पैसा तिर्न सक्नु न धरौटी राख्न सक्नु । हेर्दाहेर्दै २ हजार रुपैयाँको लोभले बा भीमफेदी कारागार चलान भए । सुनिल, रघु र अन्य गाउँले हेरेको हेऱ्यै भए । एकजना समूहका पाको सदस्यले भन्दैथिए, "बच्चादेखि लोभले लाप, लापले विलाप भन्ने सुनेको त थिएँ, के होला भनेको यही रहेछ ।" कोहीसँग केही जवाफ थिएन । अब सुनिलको दिमागमा घरमा आमालाई पो के भनेर सम्झाउने र आगामी दिनमा घर व्यवहार कसरी सम्हाल्ने भन्ने विषयले मथिंगल मच्चाइरहेको थियो । बा प्रहरीको गाडी चढेर भीमफेदी जेल चलान भए अनि बाँकी गाउँले भारी मनले मनहरी फर्किए ।




*(एलन, पत्रकार हुन्, उनी २५ वर्ष भन्दा बढी पत्रकारितामा सक्रिय छन्)*



# चीन्की थरुनीको सालक जोगाउने प्रतिज्ञा

- विष्णु प्रसाद आचार्य

मेरो नाम चीन्की थरुनी हो । थारु भाषामा चीन्की भनेको कान्छी हो । हाम्रो परिवारका सबैभन्दा कान्छी छोरी हुँ म । नागरिकता बनाउने बेलामा गाउँको बडघरे (थारु गाउको मुखिया) काकाले फूलमती थारु भनेर राखिदिएछन्, सानो हुँदा म फूल जस्तै राम्री थिए रे अनि गीत पनि त्यतिकै राम्रो गाउने, वरिपरिका सबैले मलाई चिन्थे र मेलापर्वमा गीत गाउन बोलाइरहन्थे, अहिले पनि म गीत गाउन वरिपरिका गाउँमा गइरहन्छु । स्कुल जानु परेन त्यसैले स्कुलको नाम रहेन, चुनावको बेला भोट हाल्न जाँदा फूलमती हुनु बाहेक म सधै चीन्की नै रहे र मलाई अहिले पनि गाउँलेले चीन्की नै भनेर बोलाउँछन् । म अहिले यहाँको जेलमा छु । सालक मारेको र यसको छाला राखेको आरोपमा । म जेलमा छु तर अहिले पनि सपना हो कि बिपना हो अलमलमा छु । सपनामा सधैं सधैं आफ्नो गाउँ र छोरी देखिरहन्छु ।



जेल परेको करिव एक महिनापछि मलाई घरमा समात्न जाने र मुद्दा लाउने रेंजरनी नानीले एकजना व्यक्ति लिएर आइन् । उनले मसंग लामो भलाकुसारी गरे, सन्चो बिसन्चो, पारिवारिक अवस्थादेखि जेलको बसाइ आदिको विषयमा अनि घटनाको सबै विवरण लिएर गए, मैले पनि तिनै रेंजरनी नानीलाई चिनेको आधारमा केहि कुरा बाँकी नराखी सहज ढंगले सबै कुरा बताएँ । किनकी मलाई जसले सोधे पनि म छुटी पो हाल्छु भनेर सबै कुरा बताउने गरेको छु । जाने बेलामा नानीलाई सोधे वहाँ को हो भनेर उनले भनिन्, "वहाँ हाम्रो वन कार्यालयको हाकिम साप (डी एफ ओ) हो ।" तपाईको मुद्दा त अब कानुनी प्रक्रिया अनुसार हुन्छ तर अब तपाई जस्तो अन्य मानिसले दुःख नपाउन् भनेर तपाईको कथालाई वहाँले छापेर अरुलाई सुनाउने रे, यहि फाल्गुण ५ गते सालक दिवस पर्छ त्यहि दिन यो किताब र तपाईको फोटो छापिन्छ भनेर भनिन् । मैले केवल ए मात्र भने र सोचें मत अन्जानमा परें नै, अरु चाहीं नपरुन् । थाहा छैन अब कति दिन, महिना, वर्ष म यहाँ बस्नुपर्ने हो अब यस्तो नगर्ने कसम त खाएको छु तर मेरो कुरा सुन्ने कसले अब ? अब अदालतको अन्तिम फैसलाको कुराइमा छु ।

त्यसको करिब २ महिनापछि, फाल्गुणको पहिलो हप्ता सालक दिवस देशव्यापी रुपमा मनाइयो भनेर यहाँको एफ.एम.ले भन्यो । फाल्गुणको दोस्रो हप्तामा जेलको महिला सेलमा कार्यरत एकजना महिला प्रहरी बहिनीले एउटा सानो किताब ल्याएर मलाई दिइन् र भनिन् दिदी लु यहाँ तपाईको कुरा छापिएको रहेछ, कसैलाई पढेर सुनाउनु भन्नुस् । किताबको बाहिर सालकको राम्रो फोटो रहेछ, फोटो देख्नासाथ चिनिहालें । पढ्न नजाने पनि पल्टाएर हेरें, त्यहाँ मेरो घरबाट समातेको सालकको छाला र अरु पनि सालकका धेरै फोटो रहेछन्, त्यसपछि अझ कौतुहल जाग्यो, के लेखेको रहेछ भनेर त्यहाँ मसंगै रहेकी एकजना नानी जो राम्रो लेखपढ गर्छिन् र हामीलाई बिभिन्न कुरा पढेर सुनाइ रहन्थिन्, उनले मलगायत अन्य १०-१२ जनालाई एक ठाउँमा राखेर लु हाम्री फुलमती दिदीको बारेमा एउटा कथा छापिएको रहेछ भनेर सुनौं है भनेपछि हामी सबै जना ध्यान दिएर सुन्न थाल्यौं, अबको कुरा उनी नानीले सुनाएको कथा हो ।





गाउँको बीचबाट बगिरहने खोला सधैं झैँ बगिरहेको थियो, कुनै परिवर्तन थिएन, कुल्कुल आवाज, म त्यो आवाजसंग अभ्यस्त थिएँ। हरेक दिन बिहान उठेर घरको धन्दा सुरुगर्दा त्यहि खोलाको आवाज सुन्दै गर्थे। त्यहाँको खोलाको आवाजसंगै जंगलबाट चराको चिरबिर आवाजले मन आनन्दित हुन्थ्यो। सधैंझैं आज पनि त्यहि गरें, कुचो लगाएँ। थरुवा (श्रीमान्) सुतिरहेका थिए, उनलाई उठाएँ। घरको भित्तामा झुण्डी रहेको सालकको खपटालाई फेरी एक पटक हेरें, उस्तै थियो। हरेक पटक हेर्दा आकर्षक देख्छु, लहरै मिलेको खपटा, मैले नै यसलाई पछि तेल लगाएर अलिक चिल्लो हेर्दैमा अत्यन्त आकर्षक बनाएको थिएँ अब चाहीं यो हेर्न लायक थियो। मूल ढोकाबाट छिर्नासाथ देखिने सफा चिल्लो... सुरुमा यस्तो कहाँ थियो र ? अलिक फुम्रो, माटोको रंगको थियो, पछि निकै मेहनत गरेर यसलाई मैले यो रुप दिएको थिएँ। यतिमा मात्र कहाँ कुरा पुरा हुन्छ र ? यसको विषयमा थरुवासंग निकै पटक झगडा परेको थियो, किन यो छाला ल्याएर यहाँ राखेको ? भित्रजाँदा पनि त्यहिं आँखा पर्ने, बाहिर आउँदा पनि त्यहि आँखा पर्ने, अनि गन्हाउने पनि। यसलाई यहाँबाट हटाइ हाल भनेर थरुवाले मलाई निकै पटक गालि पनि गर्नुभयो तर म निकै अटेर भएर यसलाई राखें। किन राखें, यो छाला प्रति किन यति धेरै माया बस्यो त्यो चाहीं अझ पनि थाहा छैन।

मैले त्यो दिन सम्झिएँ जुन दिन मैले यसलाई घरमा ल्याएको थिएँ। त्यो फाल्गुण पूर्णिमाको दिन थियो, सबैतिर फगुवाको माहोल सुरु भैसकेको थियो, अझ थारु गाउँमा त फगुवा भनेपछि अलिक धुमधाम नै हुन्छ, त्यो दिन बिहानै घरबाट अलिक टाढाको बजार गएर फगुवाको लागि सामान किनेर फर्कंदै थिएँ। घर पुग्न सानो खोला तर्नुपर्छ अनि त्यो खोला तर्नु अगाडि नै एउटा सानो जंगल पार गर्नुपर्छ, त्यही जंगलको छेउमा यो जीव मरिसकेको अवस्थामा रहेछ, कताबाट त्यहाँ आँखा पुगे कुन्नि। एकछिन उभिएर हेरें यसले कुनै चलमल गरेन, चलमल नगरेपछि नजिक गएर एउटा सानो लट्ठीले चलाएँ, पुरै शान्त थियो। त्यसपछि अझ नजिक गएर हेरें मैले। यो सालक थियो, हामीले देखिरहेको, कसैले यसलाई मार्न खोजेर चोट लगायो होला। यसले तत्काल ज्यान चाहीं जोगायो तर चोटको कारण आहारा आदि खान नसकेर मरेको होला जस्तो लाग्यो किनकी यसको मुखमा अलिक ठुलो घाउ देखिन्थ्यो जुन करिव करिव कुहिने अवस्थामा पुगीसकेको थियो।

यसको खपटा हामीलाई निकै आकर्षक र अमूल्य लाग्थ्यो। हामी थारुहरूले परम्परागत रुपमा यस्ता वस्तुको प्रयोग गर्ने गरेका थियौं। हामीमा एउटा प्रगाढ विश्वास के थियो भने जसरी दुम्सीको काँडा घरमा राख्यो भने भूतप्रेत आउँदैन यसैगरी सालकको खपटा केटाकेटीलाई घाटीमा वा पाखुरामा लगाइदिएमा कुनै प्रकारको आँखा लाग्ने, वायु लाग्ने हुँदैन भन्ने विश्वास थियो, हामी यसलाई शुभ प्रतिकको रुपमा पनि लिन्थ्यौं। अनि हामी थारु महिला यसलाई लगाउँथ्यौं एक किसिमको गहनाको रुपमा, संस्कृति पनि थियो र सायद सुनका गहनाको स्थानमा पूर्ति गर्ने साधन। अनि गुर्वा (थारुको धामी झाँक्री) पनि लगाउथें। हामी थारुको मन मस्तिष्कमा वर्षौंदेखि यहि विश्वास प्रगाढ रुपमा गढेर बसेको थियो।

म एकपटक छाई (छोरी) बिरामी पर्दा गाउँको गुर्वासंग एउटा सालकको खपटा माग्न गएको थिएँ, उसले मलाई खपटा नदिइकन फर्काइदिएका थिए, उनले आफुसंग भएर दिएनन् वा नभएर दिएनन् म अझै पनि यकिनसाथ भन्न सक्दिन तर मेरो मनको अन्तस्करणले उनले मलाई भएर पनि दिएनन् भन्ने लाग्यो। म निकै खुशी थिएँ किनकी आज मसंग केहि खपटा मात्र होइन सिंगो सालक थियो, त्यो पनि मरेको अवस्थामा र अर्को स्पष्ट कुरा थियो, यसलाई मैले मारेको पनि थिइन र मैले पापको भागिदार बन्नुपर्ने अवस्था पनि थिएन र मैले यसलाई जसरी पनि घर लैजानु पर्छ भन्ने लोभले मलाई घेर्दै लग्यो। अब मलाई १–२ वटा खपटा लिनु पर्दैन बरु म कोहि केटाकेटी बिरामी हुँदा वा कोहि बच्चा जन्मेपछि उसलाई एउटा दुईटा खपटा उपहार दिन





सक्ने अवस्थामा आइपुगेको थिएँ । यहि सोचेर मैले यसको पुच्छरमा समातेर तानेर घरमा ल्याएँ ।

त्यो दिन थरुवा घरमा घरमा थिएनन् । छाई घरमा थिइ उ पनि दंग परेर त्यहि सालकको वरिपरि घुम्न थालि । अब म मरेको सालकबाट यसको छाला र मासु अलग गर्न थालें, मासु करिव गन्हाई सकेको हुनाले जमिनमुनि खाल्डो खनेर गाडी दिएँ र सालकको खपटालाई सुकाएर राखें । सुरुसुरुमा निकै गन्हायो तर सुक्दै गएपछि क्रमश गन्हाउन कम भयो र यसलाई मैले घरको भित्तामा सजाएर राखें, बुढा घर आएपछि यो गन्हाउने चिज फ्याल्दे भनेर निकै पटक भन्नुभयो तर मैले फ्यालिन । यसलाई अझ धोई पखाली र तेल लगाएर चिल्लो अनि आकर्षक बनाएर राखें ।

दिन बित्दै गए । जति मान्छे घरमा आए सबैले देखे, कसैले के भने कसैले के । कतिपयले चाहीं यसको मुद्दा लाग्छ भने तर कुरा त्यतिकै सेलायो र मैले यसलाई गम्भिरतापूर्वक लिइन । किनकी यो हाम्रो संस्कृतिको अभिन्न भाग पनि थियो र मुद्दा लाग्ला भन्ने विषयले मलाई कहिल्यै पनि छोएन । अनि गाउँघरतिर प्रायः सबैको घरमा एउटा दुईटा खपटा र कोहीसंग सालकको छाला पनि थियो । जसलाई कहिले पनि हामीले हिसाबै गरेनौं ।

एकदिन दिउँसो एघार बजेतिर एउटा जीपमा बन्दुक बोकेका हरियो लुगा लगाएका सिपाही हाम्रो घरतर्फ आए, छोरी स्कुल गएको थिइ । बुढा ५–६ दिनदेखि बाहिर नै हुनुहुन्थ्यो । म घरधन्दामा व्यस्त थिए, एकछिन काम रोकेर हेरे कता जान लागेका होलान् यी सिपाहीहरू । फेरी सोचें यतै जंगलतिर हिडेका होलान् किनकी यस्ता बन्दुक बोकेका वनका मान्छे ओल्लो पल्लो गाउँतिर काठ काट्नेलाई समात्न आइरहने हुनाले मैले पनि यहि सोचें । सायद फेरी कतै रुख काटे होलान् त्यहि भएर आएका होलान् तर ती मानिस सिधै मलाई नै हेर्दै हाम्रै घर ताकेर आइरहेका थिए । म अलिक डराएँ तर त्यहाँ गाउँको वडा अध्यक्षलाई पनि संगै देखेपछि अलिक सहज भए ।

उनीहरू घर आएपछि मैले सबैलाई बस्न भने खटिया राखिदिए तर कोहि पनि बसेनन् । हरियो ड्रेस लगाएकामध्ये अलिक मोटो र कालो जुँगा भएको मान्छेले हामी तपाईको घरमा खानतलासी गर्न आएको हौं हामी अहिले बस्दैनौं भनेर भन्नु भयो । म अलिक अलमलमा परें किन खानतलासी ? के गरें र मैले ? मेरो घरमा के छ र ? भनेर सोधेपछि उनि अलिक रिसाउँदै भने घरमा संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने अनि थाहा नपाए जस्तो गर्ने भने । म झन् अलमलमा परे । यो संरक्षित र आखेटोपहार भनेको के हो मैले बुझ्न सकेको थिइन । मैले अलिक टाढाको दाइ समेत नाता पर्ने वडा अध्यक्षतर्फ हेरें वहाँले अलिक शान्त भावमा वहाँहरू तिम्रो घरमा सालकको खपटा सहितको छाला राखेको सूचना पाएर आउनुभएको रहेछ । यो जनावरको छाला, मासु राख्न पाइँदैन भनेर वहाँहरू भन्नुहुन्छ । मलाई पनि वहाँहरूले सहयोगको लागि जाउँ भनेर म आएको हुँ, अब चाहिं म झसङ्ग भएँ । मैले अलिक डराएर त्यहि कुरा भने जुन कुरा भएको थियो । फाल्गुण पूर्णिमाको दिनमा ल्याएको, घरमा राखेको, आदि आदि अनि यस्तै कुरा ।

वहाँहरूले त्यो छाला मलाई नै बाहिर निकाल्न भन्नुभयो मैले निकालें । त्यो हल्लाखल्ला र हरियो ड्रेस लगाएका हतियारवाला आएको देखेर निकै गाउँले जम्मा भैसकेका थिए । उताबाट आएकामध्ये एक जना पातली नानी रहिछिन् । पछि थाहा भयो उनी वन विभागकी रेन्जर रहिछिन्, मैले पहिलोपटक केटी रेंजरनी देखेको यहि हो, अरुबेला सबै केटा मान्छे हुन्थे । यी हरियो ड्रेस वालालाई सशस्त्र वन रक्षक भन्दा रहेछन्, हामी सानोमा यिनीहरूलाई भालुभुत्ते भन्थ्यौं र सानोमा यिनलाई देख्दा डरले थुरुरु हुन्थ्यौं ।

ती पातली रेन्जरनी नानीले कागजमा के के लेखिन्, अध्यक्षलाई देखाइन र मलाई पढेर सुनाइन् । त्यहाँ संरक्षित वन्यजन्तु सालकको खपटा फूलमती थारुको घरबाट समातिएको कुरा लेखिएको रहेछ, यसलाई दसी बरामद भन्दा रहेछन् । त्यो लेखेको कुरा ठिक छ भनेर नानीले सोधिन् मैले लेखेको कुरा जे भए पनि मेरो घरबाट सालकको खपटा समातेको कुरा ठिक हो भनेर ल्याप्चे लगाएँ, बाँकी संरक्षित वा यस्ता कानुनी कुरा मैले बुझिनँ पनि । सालकको खपटा राख्न एउटा कपडाको झोला उतैबाट ल्याएका रहेछन्, सबैको अगाडी





झोलामा राखे। आएका जतिमध्ये ५-७ जनालाई र वडा अध्यक्षलाई पनि सहि गराए, यसलाई उनीहरूको भाषामा बरामदी मुचुल्का भन्दा रहेछन्।

अब कुरा सकियो होला भनेको त मलाई लु अर्को लुगा लगाउने भए लगाउनुस् र हामीसंग हिंड्नुस् भन्न थाले। अब चाहीं म साँच्चिकै डराएँ र सुरुमा हिक्कहिक्क भएको पछि डाँको छाडेर रुन पो थालेछु तर वहाँहरूले छाड्ने पारा देखाउनु भएन। रेंजरनी नानीले निकै सम्झाएर फकाइन् र म छु नडराउनु भनिन्। मैले सहयोगको लागि अध्यक्ष दाइको मुखतर्फ हेरें। वहाँले म जिम्मा लिन्छु र खोजेको बेला ल्याउँछु भनेर निकै अनुरोध गर्नुभयो। तर यो संरक्षित वन्यजन्तुको छाला हुनाले यो सम्भव छैन भन्दै सिपाहीले ठूलो ठूलो स्वरमा कराउन थालेपछि म विवश भएर झोलामा केहि कपडा बोकेर वहाँहरूसंगै आए।

म आफु के गर्ने भन्दा पनि छाई के गर्ने हो भन्ने चिन्तामा थिएँ। त्यहाँ मेरो दिदी हस्याङ्ग फस्याङ्ग गर्दै आइपुग्नु भयो र मैले दिदीलाई घरको साँचो छाडेर थरुवालाई खबर गरिदिनु छाई र घर हेर्न आग्रह गर्दै रुँदै गाडी चढें। मलाई सरासर वन कार्यालयमा ल्याइयो, त्यहिंको एउटा कोठामा राखियो। मेरी बास्सै एक जना सिपाही त मेरो वरिपरि नै खटाए सायद भाग्छे भनेर होला। जता जान्छु पछि पछि, अनि मैले तिनै रेंजरनी नानीलाई भनें मलाई यसो गर्दा डर लाग्छ। उनले नडराउनु, वहाँहरू तपाईको सुरक्षाको लागि खटिएको हो। म छु तपाईलाई कसैले केहि पनि गर्दैन भनेपछि बिस्तारै सहज भए। वहाँहरूले पनि सहज र सरल व्यवहार गर्नुभयो। म क्रमशः अभ्यस्त हुँदै गएँ, वहाँहरूसंग कुराकानी पनि हुन थाल्यो। अलिक खुकुलो व्यवहार क्रमशः पाउन थालें। सायद अब भाग्दिन भन्ने भयो होला वहाँहरूलाई।

मलाई त्यहाँ पानी, चिया र खाजा खान दिएपछि तिनै रेंजरनी नानीले नेपाली कागजमा के के सोध्दै लेख्दै गर्न थालिन्। मैले तिनै कुरा भने जे भएको थियो। अलिक धेरै चाहीं किनबेच हो कि ? कसैलाई बेच्न राखेको हो ? भनेर सोधिन् र मलाई निकै फकाइन् तर मैले होइन भनें। किनकी यो बेच्नको लागि थिएन। कुरा सकिएपछि उनले लेखेको कुरा सुनाइन्। मैले ठिक छ भनेर फेरी ल्याप्चे लगाएँ, यसलाई बयान भन्दा रहेछन्, भोलिपल्ट मलाई अदालत लगियो गाडीमा राखेर अदालतमा एक जनाले यसो सोधेको जस्तो गरे र कागजमा के के लेखेर उनै नानीलाई कागज फिर्ता दिए, पछि थाहा भयो यो मलाई थुनामा राख्न अदालतबाट अनुमति लिएको रहेछ र त्यसलाई म्याद थप गर्ने भन्दा रहेछन्।

मलाई घरका मान्छे र आफन्त भेट्न आउन थाले सबैले गालि नै गर्न थाले, किन यस्तो चिज राखेको भनेर थरुवाले त त्यहि झन्डै कुटेका, धन्न तिनै रेंजरनी नानीले यहाँ तपाईले भेटघाट मात्र गर्नुस्, यो तपाईको घर होइन, वहाँ अहिले हाम्रो जिम्मामा हुनुहुन्छ, धेरै कुरा नगर्नुस्, नत्र तपाईलाई पनि थुन्छौं भनेपछि थरुवा अलिक शान्त भए, जे भए पनि सहेर नै बसें किनकि गल्ति मेरै थियो, उनले त उहिले नि फ्याली दे भनेर भन्नु भएको हो।



मैले सोध्ने नयाँ कुरा केहि थिएन र बताउने नयाँ कुरा पनि केहि थिएन जे भएको थियो त्यो कुरा मैले भने।

केहि दिनपछि गाउँका केहि मान्छे, वडा अध्यक्षलाई बोलाएर के के सोधिन् ती नानीले। त्यसलाई मौका मुचुल्का भन्दा रहेछन्, नाम पनि के के मैले कहिले नसुनेको त्यसै त थारुको छोरी, उसमा पनि नपढेको हुनाले पर्वतीय कुरा सबै राम्रोसंग बुझ्दा



पनि बुभ्दिन त्यसमा पनि कानुनका कुरा रे, मैले के बुभ्नु, पछि तिनै रेंजर्नीले भनेकोले मैले अलिअलि बुझेकी ।

मलाई फेरी अदालत लगियो गाडीमा राखेर, वन कार्यालयमा एउटा पनि महिला सिपाही रहेनछन् । त्यसैले यो पटक अर्को एक जना रेंजरनी नानीभन्दा अलिक पाकी महिला पनि मसंग गाडीमा बसिन् । पछि थाहा भयो उनी त्यहाँको वनरक्षक रहिछिन् । मेरो सहयोगको लागि चढेकी रे । रेंजरनी नानीले तपाई व्यक्तिगत रुपमा वकिल राख्न चाहनु हुन्छ भने राख्न पाउनु हुन्छ भनेको थिइन् तर मैले भयो पर्दैन भने किनकी नयाँ कुरा केहि थिएन र मसंग वकिल राख्ने पैसा पनि थिएन ।

अदालतमा मलाई न्यायाधिस र वकिल साहेबले त्यो घटना र सालकको बारेमा निकै पटक सोध्नुभयो मैले मारेको होइन, राम्रो लागेर र यसको छाला राखेकी हुँ, हामी यसलाई परम्परागत रुपमा प्रयोग पनि गर्ने हुनाले राखेको हुँ र यसको कानुनी पक्षको बारेमा मलाइँ थाहा पनि थिएन । थाहा भए राख्ने पनि थिइनँ र यसको छाला बेच्ने भए म अहिलेसम्म घरको भित्तामा सबैले देख्ने गरेर राख्ने पनि थिइनँ । उहिले नै बेची सक्थे हुँला । मलाई अरु थाहा छैन, कसैको मिलोमतो पनि होइन र छैन भनेर मेरो गाउँको मरुवा (देवता) अनी सानी छाईका कसमा खाएँ । मलाई ठूलो आशा थियो अब त मलाई घर पठाउलान् भनेर तर एकछिन पछि मलाई घर होइन पो थाना (जेल) पठाउने निर्णय भएछ । म विवस हुँदै रुँदै घर परिवार सम्भँदै जेलमा आएको छु । यसलाई पुर्पक्षको लागि थुनामा पठाउने भन्दा रहेछन्, सायद अलिक बढी अनुसन्धान गर्नुपर्ने भएर होला कि ? यहाँ आएपछि केहिदिन त म रोएर मात्र बसें कोहीसंग केहि बोलिनँ तर नबोलेर वा रोएर मात्र समय कट्दैन थियो । त्यसैले क्रमशः अलिअलि कुरा गर्न थालें, अलिक सहज महसुस भयो, त्यहाँ म जस्ता बिभिन्न मुद्दाका धेरै मानिस रहेछन्, कोहि लागु औषधिका, कोहि ज्यानमारा मुद्दाको पनि रहेछन्, कोहि चाहीं गल्ति गरेर नै आएको हुँ भन्थे कोहि त्यतिकै फसाए भन्थे । सबैको कुरा सुन्दै गएपछि आ यस्तै रहेछ भन्न थालियो ।

मेरो कथा सकिएको थियो, यी बैनीले बेलाबेलामा सानो स्वर कहिले ठूलो स्वर बनाएर कथा पढिरहेकी छिन्, सबै जना एकटकले सुनिरहेका छन्, घरि मलाई हेर्छन्, कहिले मुस्कुराउँछन्, कहिले मसंगै अँध्यारो मुख लगाउँछन्, कोहि च्च च्च गर्छन्, म चाहीं आफ्नै कथा र त्यसमा पनि जस्ताको तस्तै लेखिएको हुनाले दङ्ग परेको छु । मेरो कथा सकिएपछि ती नानीले सालकको बारेमा लेखिएको जानकारी अनि धेरै गीत, कविता, कथा पढेर सुनाइन् । यसले हामीलाई पनि सालकको संरक्षण बारेमा धेरै कुरा जानकारी मिल्यो र अझ त्यसको मायाँ लाग्न थाल्यो । दिन सहज हुँदै गयो । एक दिन त कसो जेलमुक्त नहुँला र ? भन्ने विश्वास पलाउँदै गयो । सुत्ने बेलामा सहजै निन्द्रा लाग्दैन थियो, मनमा नानाथरी कुरा खेलिरहन्थे । अरु भन्दा पनि छाईको औधि माया लागेर आउँथ्यो, लागेर के गर्नु यहाँ ल्याउन नमिल्ने, म उता जान नपाउने । बेलाबेलामा थरुवाले स्कूल पढ्ने छोरी ल्याउँथे भेट गराउन ।

यसै बिचमा मेरो मनमा केहि दिनदेखि एउटा कुरा आइरहेको छ, यो मुद्दामा म त फसें फसें नजानेर नै फसें, अब यिनको बारेमा बुझेपछि हामीले यी सोझा जनावरको संरक्षणमा किन नलाग्ने ? अब म फेरी अर्को तारिखमा अदालत जाँदा आफ्ना कुरा राख्छु र यदि धरौटीमा भए पनि छुट्न सकें भने यी र यस्ता जनावरको संरक्षणमा दिलो ज्यानले लाग्छु, कम्तिमा यति गर्न सके भने अरु जनावरलाई उसको बासस्थानमा नै बचाउन सक्छु र म जस्ता थाहा नपाउनेले थप दुःख पाउने छैनन्, फटाहा गर्ने, तस्करी गर्नेलाई वन कार्यालय, प्रहरीको सहयोगमा पक्राउन मद्दत गर्छु । यहि कुरामा प्रतिज्ञा गर्दछु । यसले कम्तिमा मलाई लागेको पापको भारि अलिकति भए पनि घट्छ । यदि तत्कालै छुट्न सकिनँ भने पनि म यहींबाट आफ्नो भषामा गीत बनाएर भए पनि गाउँगाउँमा सन्देश पुऱ्याउनेछु । म अब संरक्षणको गीत पनि गाउन सुरु गर्छु भनेर चीन्की थरुनिले सालक जोगाउने प्रतिज्ञा गरिन् ।

*(कथाकार आचार्य हाल डिभिजन वन कार्यालय धादिङमा कार्यरत छन् । उनी सालक लगायत वन वातावरणसंग सम्बन्धित विभिन्न स्थानीय एजेण्डा स्थापना गर्न र सरोकारवालालाई संलग्न गराउने अभियानमा छन् ।)*





# सालकले जुराएको शैक्षिक गन्तब्य

- विष्णु प्रसाद आचार्य

धादिङबेसीको सिरान बजारमा रहेको डिभिजन वन कार्यालय धादिङको परिसरमा पुग्न लागेका शिलाका पाइला केहि क्षण रोकिए, वन कार्यालयको गेटको दुवैतर्फ अत्यन्त आकर्षक सालकको चित्र कोरिएको रहेछ, देवल सहितको। भित्री परिसरमा केहि केटाकेटी कल्यांगमल्यांग गर्दै थिए, कोहि फोटो खिच्दै थिए । केटाकेटीलाई हेर्दै उ भित्र पसी र त्यहाँ भित्र रहेको "**जनताको चौतारी**" नामको गोलघरमा बसेर चुपचाप यी सब हेर्न थालि । स्थानीय स्कुलका केटाकेटी शैक्षिक अवलोकनको लागि आएका रहेछन्, त्यहाँ सबै भन्दा आकर्षण सालकको देवल सहितको मूर्ति थियो जुन अहिले नै हिंडुला जस्तो गरेर बसेको थियो। अनि त्यहि सालक पार्कलाई आधार मानेर लभ सिम्बोलको सालक प्रति माया दर्शाउदै बनाइएको गेट थियो । त्यसको वरिपरी नै केटाकेटी झुम्मिरहेका थिए । त्यहाँ एकै छिनमा ठूला मान्छेको अर्को हुल आयो, उनीहरू पनि पहिला त्यहि मूर्ति र गेटमा उभिए, फोटो खिचे, आपसमा एकछिन के के कुरा गरे अनि कार्यालय भित्र पसे । यो दृश्य उसलाई निकै रमाइलो लाग्यो र मनमनै सम्झी सानो काम गरे पनि मान्छेलाई सहज आकर्षित गर्न सकिंदो रहेछ भनेर । उसलाई विश्वास नै थिएन कि यहाँ सालकको आकर्षण यति बिध्न रहेछ भनेर। उ केवल टोलाई रहेकी थिइ र आफ्नो सालक सम्बन्धी बिगतको घटनालाई सम्झी रहेकी थिई । ऊ गतवर्षको मनहरीमा मनाइएको विश्व सालक दिवसको भव्य कार्यक्रम सम्झिरहेकी थिई ।




शिला गुरुङ अहिले वन विज्ञान अधययन संस्थान पोखरामा बि.एस.सी. चौथो वर्षमा अध्ययरत छिन्। उनले आफ्नो बि.एस.सी. थेसिसको लागि आफ्नो गृह जिल्ला धादिङलाई नै छानिन् । उनको घर धादिङको सिद्धलेक गाउँपालिका वडा नं. २ नलाङ हो र उनले यहाँ आफ्नो थेसिसको लागि धादिङमा पाइने सालकको विषयमा अध्ययन गर्दैछिन् । यसै कारणले उनि वन कार्यालयसंग जानकारी पनि लिने, त्यहाँ भैरहेका




सालक संरक्षणको बारेमा आवश्यक सल्लाह पनि गर्ने विचारले त्यहाँ पुगेकी थिइ । त्यहाँ पुग्नासाथ त्यहाँको भिन्न वातावरण देखेर उ निकै आनन्दित भइ ।

उ केहि समय टोलाएर बसी, केटाकेटीले थाहा नपाउने गरी उनीहरूको गतिविधि नियाल्दै केही फोटो खिची, त्यहिंबाट केहि फोटो फेसबुकमा पोस्ट गरी । केटाकेटी हल्ला गर्दै आफ्नो विद्यालयतर्फ लागे, कार्यालयमा मान्छेको भिड कम भएपछि त्यहाँ वन कार्यालयमा सम्पर्क गरेर सामुदायिक वनको तथ्याङ्क, सालक पाइने क्षेत्र, वन कार्यालयले अहिलेसम्म उद्धार गरेर जंगलमा छाडेको सालकको अवस्था, सालक सम्बन्धी मुद्दाको अवस्था अनि आफ्नो थेसिसको बारेमा केहि छलफल गरेर पुनः आउने गरी ऊ त्यहाँबाट बिदा भई । ऊ सिधै आफ्नो घरतर्फ गई र पिढीमा झोला त्यतिकै बिसाएर बारीतर्फ गइ जहाँ पहिलोपटक उसले सालक भेटेकी थिइ । आज उसलाई त्यो सालकको औधि सम्झना आयो अनि त्यतिकै माया लागेर पनि आयो । ऊ त्यहिं पुगी, जहाँबाट ऊ हाम्फाल्दै उफ्रँदै आमा हो भन्दै कुदेकी थिइ, कुनै चलचित्रको फ्ल्यास्ब्याकमा जस्तै उसको दिमागमा एक एक कुरा आउन थाले ।



आप्पुई आमा हो भन्दै शिला कान्लाबाट सिधै हामफालेर आमालाई समात्न पुगी, उनकी आमाले के भयो भनेर सोध्न नभ्याउँदै उसले आमालाई च्याप्पै समातेर बारितिर चोर औलाले देखाइरहेको थिइ। उसको बोली पनि प्रष्ट आएको थिएन, स्या स्या गरेर स्वास फुलेर। आमाले के भो किन यसरी चिच्याकी भनेर दुई तीन पटक लगातर सोधेपछि बल्ल उसको बोली फुट्यो। स्या स्या गर्दै उसले भनि म बारीमा साग टिप्दै थिएँ एउटा अचम्मको जनावर देखें जुन मैले कहिले पनि देखेकी र चिनेकी थिइन् अनि डर लागेर हाम्फाल्दै आएँ। यतिन्जेलसम्म उनको हल्लाखल्ला सुनेर बुवा, दाइ, भाइ, बहिनी, छिमेकी काका र काकी अनि २-४ जना केटाकेटी जम्मा भैसकेका थिए, के भो के भो भन्दै।

शिला त्यो बेला विज्ञान विषयमा प्लस टुको परिक्षा दिएर घर आएको थिइ, परीक्षाको लगातार ह्याङ्ग र उकुसमुकुसले उ शिथिल भएकी थिइ अनि आफ्नो गाउँको स्वच्छ हावा, आमाको माया, दिदीबहिनी र स्कुले साथीहरूसंगको सामिप्यातालाई नविकरण गर्न आफ्नो घर नलाङ आएकी थिई। घर आएको बेलामा आमालाई सघाउन भनेर उ बारीमा पसेर साग टिप्दै थिई। गीत गुन्गुनाउँदै आफ्नै धूनमा साग टिपिरहेको बेलामा देख्दा सानो, डाइनोसर जस्तो, खपटाले ढाकिएको जनावरसंग अप्रत्यासित जम्काभेट भएपछि यिनी टिपेको साग पनि बारिमै फ्याल्दै चिच्याउँदै हाम्फाल्दै आमा नजिक गएकी थिई।

हल्लाखल्लाको बिचमा उनका बा, दाइ र काका हातमा एक एक वटा लट्ठी लिएर शिलाले देखाएको स्थान तिर लागे। नभन्दै त्यहाँ एउटा सानो जनावर हेर्दा सानो लोखर्के भन्दा ठूलो, जिउमा खपटा भएको मुखको सहायताले माटो खोतल्दै लामो जिब्रो बाहिर निकाल्दै कमिला खाइरहेको थियो। सबै अलमल परे, यो जनावर त्यहाँ मान्छेको उपस्थिति भएको कुरालाई वास्तै नगरी लगातार कमिला खाइरहेको थियो। सबैजना एक आपसमा मुखामुख गर्न थाले। यसअघि यो जनावरलाई त्यहाँ उपस्थित भएकामध्ये कसैले देखेका रहेनछन्। एकछिन सबैजना त्यहि बसेर हेरे। शिलाको अनुहार हेर्दा प्रष्ट हुन्थ्यो उसको सात्तो अझै फर्केको छैन, मुखमा डरको रेखा दौडिरहेको थियो। छिमेकी दाइले बिस्तारी त्यो जनावरलाई लट्ठीले चलायो अचम्म लाग्दो कुरा त्यो जनावर भाग्नुको साटो डल्लो परेर भकुण्डो जस्तो बनेर बस्यो न कुनै आक्रमणको प्रयाश नै गऱ्यो। यसपछि झन् सबैजना अझ नजिक आए।

यो जमिनमा डल्लो परेर बसिरहेको थियो, सबै अलमलमा थिए, कोहि यसले टोक्छ मार्नुपर्छ भन्दै थिए भने कोहि होइन नमार नमार भन्दै थिए। यसै बिचमा त्यहिको सामुदायिक वनको अध्यक्षले यो त सालक हो यसले हामी मानिस, अन्नबाली अनि जनावर कसैलाई हानि गर्दैन भनेर भनेपछि सबै जना अलिक शान्त भए। सामुदायिक वनको अध्यक्षले त्यो डल्लो परेर बसेको सालकलाई हातमा लिंदै त्यसको बारेमा जानेको कुरा बताउन थाल्नुभयो। यति भएपछि सबै जना वहाँको कुरा सुन्नलाई अलिक नजिक नजिक आए। वहाँले आफुले वन सम्बन्धी तालिममा जाँदा त्यहाँ सालकको पनि कुरा भएको र त्यसको फोटो देखेको अनि त्यहाँ सालकको सम्बन्धमा चलेको मुद्दाको बारेमा बताउनु भयो। साथै आफु बच्चा हुँदा यहाँ वरपरको जंगलमा निकै सालक भएको तर समय क्रममा हाम्रो अज्ञानताले, वन



डढेलो, चोरीशिकारी लगायत अन्य गतिविधिले धेरै सालक नासिएर गएको बताइरहनु भएको थियो। वहाँले सालकले धमिरा कमिला मात्र खाने, माटोको उर्वराशक्ति बढाउन मद्दत गर्ने, माटो खुकुलो बनाएर माटोमा चिस्यान बनाउन सहयोग पुऱ्याउने हुनाले यो किसानको साथीको नामले पनि चिनिन्छ भनेर बताइरहँदा सबैको मुहारमा उज्यालो देखिन्थ्यो।

यतिको छलफल हुँदासम्म करिव साँझ हुन लागेको थियो, अब त्यो सालकलाई के गर्ने भनेर कुरा फेरी छलफल भयो त्यहाँ सामुदायिक वनका अन्य पदाधिकारी, वडा अध्यक्ष लगायत निकै गाउँले जम्मा भैसकेका थिए। धेरैको सुझाव अब वन कार्यालयमा फोन गरेर त्यहाँ पठाउने कुरा भयो





र अध्यक्षले नै वन कार्यालयमा फोन गर्नुभयो र सालक फेला परेको जानकारी गराउनु भयो। वन कार्यालयको DFO सरसंग समूहको कामको सिलसिलमा वहाँको राम्रो चिनाजान थियो। वन कार्यालयबाट DFO सरले यदि यो सालक सकुसल छ, कुनै घाइते वा चोटपटक लागेको छैन भने अलिक पर सुरक्षित स्थानमा छाडीदिनुहोला तर कुकुर र अन्य मान्छेको गतिविधिले उसलाई बाधा नपरोस् भनेर फोनमा भनेपछि २–३ जना मिलेरअलिक परको एकान्तको खोल्सामा छाड्न जाने सल्लाह भयो र अरु मान्छे क्रमशः आफ्नो घरतर्फ लागे।

उसले के सम्झी कुन्नि, म पनि यसलाई छाड्न संगै जान्छु भनि हिंड्न थाली। अलिकति परको खोल्सा जस्तो सुरक्षित स्थानमा पुगेपछि उसले सालकलाई एकपटक मुसारी, सालक गुजुमुजु गऱ्यो र भुइमा राखिदिइ। सालकले बिस्तारै आफ्नो जिउ खोलेर अगाडी बढ्यो र एकैछिनमा हेर्दाहेर्दै जमिन खोतल्दै भित्रभित्र गयो, ऊ आँखाले देखुन्जेल हेरी र अरु मान्छेसंगै घर फर्की।

घर आएर उसले सालकको बारेमा नेटमा खोज्न थाली, त्यहाँ सालकको बारेमा धेरै कुरा पाई, उसलाई अझ चाख लाग्दै गयो, अझ बुझ्दै गइ र सालकको बारेमा ज्ञानको दायरा बढाउँदै गई। उसलाई एउटा अनुभूति के भयो भने यो जनावर असाध्य मायालु, लजालु, प्रकृतिमैत्री रहेछ तर दुर्भाग्य रुपमा एकदमै हेपिएको र संसारमा सबैभन्दा बढी अवैध चोरी शिकारी हुने जनावरमा पर्ने कुराले उसलाई असाध्य दुखित तुल्यायो। उसले सोची कम्तिमा हामीजस्ता यसको संरक्षणमा लाग्नुपर्छ। राज्यको मुलधारमा ल्याउनु पर्छ, जनावर भनेका ठूला जनावर मात्र होइन् यी जस्ता



भुइँजनावरको पक्षमा निरन्तर खबरदारी गरिरहनु पर्छ भन्ने उसलाई प्रगाढ अनुभूति भयो। यो विषयले उसलाई आफ्नो भविष्यको पढाइको बारेमा ठूलो दिशानिर्देश गर्न पुग्यो त्यसपछि उनी पोखरा फरेस्ट्री कलेज भर्ना भइ, जहाँ उसले सालक मात्र होइन समग्रमा वन विज्ञान र प्रकृति विज्ञान समेत पढ्ने अवसर प्राप्त गरी।

त्यहाँ क्याम्पसको पढाइ नसकिंदै यहि सालकप्रतिको जिज्ञासाले साना स्तनपायी जनावरको लागि काम गर्ने संस्था SMCRF को सम्पर्कमा पुगेको थिइ र सालक संरक्षणको लागि जनसमुदायमा चेतना बढाउने, अध्ययन अनुसन्धान गर्ने अवसर प्राप्त गरेकी थिइन्। गतवर्ष मनहरीमा (डिभिजन वन कार्यालय, राप्ति, मकवानपुर) मनाइएको सालकको दिवस भब्य रुपमा मनाउन त्यहाँ स्वयमसेवकको जिम्मा पाई। त्यहाँ उसले र उसको साथि बिनिता, आयुषा मिलेर सयौं स्कुले केटाकेटीको सालकको चित्रले फेस पेन्टिङ्ग गरेकी थिई। फेस पेन्टिङ्ग गर्दा केटाकेटीको उत्साह देखेर असाध्य रोमान्चित भएकी थिइ, यी सबै कुराले उसलाई सालकमा काम गर्न अझ हौसला र प्रेरणा मिलेको थियो। उ अझै मनहरीको गत वर्षको भब्य कार्यक्रम अनि त्यहि सालक सम्झँदै थिइ। उनकी आमा शिला बजारबाट आएर कता गइछे झोला पनि पिढीमा नै छ, यताउति कतै छैन भन्दै खोज्दै आउनु भएपछि उसलाई एकोहोरो टोलाई रहेको देखेर ए शिला के भयो भनेर हातले छोएपछि झसङ्ग भइ। उ केहि होइन आमा कसैलाई सम्झी रहेको थिएँ भनेर भन्दै आमासँग घरतिर लागि।

घर पस्नु अगाडी उसलाई त्यहि सालकले सुस्तरी बोलाएको जस्तो महसुस गरी, हामी जस्ता भुइँ जनावरको बारेमा सोचिदिएकोमा, बोलिदिएकोमा तिमीलाई अनेक धन्यवाद भनेको जस्तो लाग्यो। उसले पनि सुस्तरी भनि धन्यवाद मलाई होइन तिमीलाई सालक, धन्न त्यो दिन तिमीसंग भेट भयो र म वन विज्ञान पढें, तिम्रै कारणले आज तिम्रो बारेमा यति धेरै जान्ने मौका पाएँ भन्दै घरभित्र पसी।

*(सालकप्रेमी आचार्य बिगत ३५ वर्षदेखि वन वातावरण संरक्षणको क्षेत्रमा संलग्न छन्। उनि हाल डिभिजन वन कार्यालय धादिङमा कार्यरत छन्। उनी सालकलाई बागमती प्रदेशको गौरव जनावर घोषित गरिनुपर्छ भन्ने विषयमा निरन्तर लबिङ गर्दै यसको प्रवर्द्धनमा लागिरहेका छन्। उनी आइ यु सी एन प्यान्गोलिन स्पेसिलिस्ट ग्रुपका IUCN-PSG सदस्य समेत हुन्)*

# ठूलो वनमा छाएको शान्ती !

- राजु झल्लु प्रसाद

ठूलो वन आज शान्त छ ! वन क्षेत्रलाई पूर्वबाट र उत्तरबाट सिन्चित गरिरहेको साना खोला शान्त छ ! वन क्षेत्रमा कुनै चरा कराएका छैनन् । लुइँचे, खरमजुर, तिलहरी, जुरे हुटिट्याउँ, तामे ढुकुर, कण्ठे ढुकुर, गुलाफीटाउके सुगा, जुरे कोइली, घाँसे लाटोकोसेरो, चाँदीढाडे गौथली; कसैको पनि कुनै चिरबिर सुनिएको छैन । रातो बाँदर, पहरे बाँदरहरूमा समेत कुनै स्वर गरिरहेका छैनन् । भैंसेगोहोरो छेपारो, कालो धसुर सर्प, अण्डाखाने सर्पहरू समेत भुइँमा घिस्रिंदा आवाज आउँछ कि भनेर भुइँ समाएर बसिरहेका भेटिन्छन् ।

सालका रुखका पातहरू हल्लिएका छैनन् । कटुसहरूले चिलाउनेहरूसँग साउती मारिरहेका छैनन् । उत्तिसका रुखले चिलाउनेका रुखलाई आँखा झिम्काइरहेको छैन । कुट्मिराले टाँकिलाई अँगालोमा कसिरहेको छैन । फलिरहेको अमलालाई चुच्चोमा च्याप्न सिसौँको रुखमा मुन्टो झोक्राइरहेका सिम तित्राहरूलाई कुनै जाँगर छैन । एँसेलुका बुटामा झुम्मिएका पुतलीहरूले उड्न बिर्सिएका छन् । बकाइनोमा रुखमा गुँड लाइरहेका माकुराहरूले आफ्ना हातगोडा गुजुल्टाएर एकै पोका बनेका छन् । एउटै डल्लो बनेका छन् । भीमसेनपातिको हाँगामा बसेको जुरे दुम्सी धरि आफ्ना तिखा काँडाहरूमा डल्लो परिरहेको छ ।

ठूलो वनक्षेत्र वरपर सलबलाइरहेका गतिवान मानव पैतालाका डोबहरू पनि उसैगरी बडो शान्त छन् । यी डोबहरूमा छट्पटि भने मच्चिएको छ, यद्यपी त्यसमा पनि स्वर छैन । हतार त ती पैतालाहरूलाई तापनि त्यस कार्यबाट कुनै ध्वनी उत्पन्न भएको छैन । बडो शान्ती छ त्यहाँ । एक सुनसान । एक चकमन्न । बस्, त्यत्ति । एक मुर्दा शान्ति ।

ती डोबहरू कहिले धमिराका गोलाहरूमा लात मारिरहेका छन्, ती कहिले खुकुलो माटोको सतहलाई हातले खोतल्दै छन् । अनि शिकारी कुकुरले सुँघेको जस्तै गरी साना साना दुलोहरू खोतलिरहेका छन्, मानौं त्यहाँ ठूलो खजाना गाडेको होस् । त्यहाँ निकै व्यग्रता र छटपटि देखिन्छ, ती पैतालाहरूमा । पैतालाले नपुगेर हत्केला प्रयोग गर्छन्, त्यतिले नपुगेको ठाउँमा साबेल, पिक, खन्तीको प्रयोग गरिरहेका छन् ।

तर यसो गर्दा पनि कुनै स्वर निस्किएको छैन । एउटा आतंकले ठूलो वनमा सानो स्वरमा साउती मारिरहेको भने महसुस गर्न सकिन्छ ।

अलिअलि गर्दै १०–१५ वटा दुलोलाई खोतलेर बिरूप बनाइन्छ, केहि दुलोको मुखमा दाउरा, पात पतिङ्गर, झिझा राखेर आगो लगाई पुरै धुवा श्रीजना गरिन्छ । केहि धमिरा गोलाहरू ब्वाङबुङ फुट्छन्, तहसनहस हुन्छन् । तर, आवाज निस्किदैन । हरेक धमिराको गोलाबाट अनगिन्ती धमिरा र कमिला निस्किन्छन् र यत्रतत्र छरिएका पातपतिङ्गरमा सलब्लाउँछन्, उनीहरूको बस्तीमा आतंक श्रीजना हुन्छ तर आवाज निस्किदैन । क्रमसंगै केहि दुलोबाट केहि थान "भकुन्डे भूतहरू" निस्किन्छन् र दायाँबायाँ गर्दै गुडुल्किन्छन्, तर आवाज निस्किएको छैन ।

एउटा मानव हत्केलाले साउती मार्छ, "हिलेमाछो ।" अर्को मानव हत्केलाले अघिल्लोको कानमा सुस्तरी फुक्छ, "सालमछरी ।" अझ अर्कोले अझै सुस्तरी "पाखेमाछो" भन्न भ्याउँछ । एवम् रितले बिरूप पारिएका दुलोबाट निस्किएका भकुन्डे भूतहरू नामाकरण हुँदै जान्छ र रमाइलो के भने ती भकुन्डे भूतहरू तिनै मानवका खुट्टा वरपर लुटपुटिन्छन्, हत्केला वरपर झुम्मिन्छन् । लाम्चो शरीर भएका एवम् थुतुनो र पेटको भित्री भाग बाहेक सबैतिर एकापसमा खप्टिएका खपटाधारी भकुन्डे भूतहरू ती मानवसँग अझ लसपसिन्छन् । दाँत नभएका यी भकुन्डे भूत मध्ये एउटाले देब्रे हत्केलधारी मान्छेलाई सुस्तरी सोध्छ, "अनि









मेरो गुँडलाई किन लात मार्नुभएको नि ?” किन तहसनहस पार्नुभएको नि? मेरो बस्ति किन उजाड? मैले के बिराएँ र?

भकुण्डे भूतलाई समाइरहेको देब्रे हत्केलाधारी मनुवाले सुस्त आवाजमा प्वाक्क भनी पनि दिन्छ “तेरा साना आँखा र बाक्ला परेला मलाई मन परे ।” अर्कोले अझ सुस्त आवाजमा फेरि थप्छ, “तिमारुका खपटामुनीका जगरजस्ता रौँहरू हाम्लाई मन परे । तिमारुले धमिरा, कमिला खाने लेसाइलो लामो लामो आ–आफ्ना जिब्रा देखाओ त, त्यो हेर्न मन छ मलाई ।” ए सुन त ! “तिमारु राती मात्रै निस्किन्छौ । हामीलाई दिउँसै हेर्न मन लाग्यो । ल सबै एकै ठाउँमा बस त ।” र यस्तै यस्तै मानव स्वरहरू सुस्त आवाजमा सुनिन्छ र ती भकुन्डे भूतहरूले पनि त्यसै गर्छन् । यी मनुवा प्रति अझ आत्मियता देखाउँछन् । उनीहरू ती बाक्ला मोटा पैतला र हत्केलाधारी मनुवाहरूले अह्राए बमोजिम गर्छन् ।

“कति अबोध छन् यार यिनीहरू, भो जाउ” एउटा मनुवाको आवाज आउँछ । “नकरा । चुप् लाग ।”, अरु तीन मनुवाले अलि चर्को स्वरमा भन्छन् । कति दुःख गरेर, कति पाउने आशामा यत्रो काम गरेका छौं, एउटा सन्तुष्ट भएर बोल्छ ।

८८ र, एक्कासी ठूलो वनक्षेत्रमा एउटा सामूहिक कोलाहल सुनिन्छ – “आत्थो ! एइया ! दुख्यो ! मरे नि !”

८ एकाध घन्टाको यसप्रकारको चर्को कोलाहल पछि ठूलो वन पुनः शान्त हुन्छ । छेउका साना नदि बग्न बिर्सेर शान्त हुन्छन्, केवल खुइए गरेर सुसाइरहन्छन्, विरहको सुसेली, जसरी ठूलो वन क्षेत्रभर बगिरहेका रगत र खपेटा निकाकिएर मृत फ्याकिएजा शालकका लासहरू शान्त छन् ।

त्यसको केहिदिनपछी राष्ट्रिय पत्रिका, टेलिभिजन, स्थानीय एफ.एम.मा प्रमुखताका साथ समाचार आयो, आज सी.आइ.बि., प्रहरी र वन कार्यालयको संयुक्त टोलीले ठूलो वन क्षेत्रबाट मारिएका सालकका खपटा सहित केहि मानिसलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि वन कार्यालयमा बुझाइएको छ, थप अनुसन्धानमा बाधा नहोस् भन्नको लागि निजहरूको परिचय गोप्य राखिएको छ ।

अनि पुनः ठूलो वनको शान्ति फिर्ता भएको छ, सुसेली चलेको छ । जीवन पुरानै लयमा फर्किएको छ ।

*(ज्वालामुखी ७ मैदी कोट घर भएका राजेन्द्र भट्टको साहित्यिक नाम राजु झल्लु प्रसाद हो, उनि साहित्य, कला संस्कृति, दर्शनका बिद्यार्थी हुन् र पत्रकारितामा पनि संलग्न रहेका छन्)*

## गजल...

– बद्रीनाथ गैह्रे

आहा कति सुन्दर प्रकृतिको हौ उपहार
तिमी पनि हामी जस्तै स्तनधारी जनावर ।

कडा बाक्ला खपटाको रैछ सुरक्षा कवच
सर्लक्क त्यो साँघुर्रिदै गएको लाम्चो शरीर ।

ठाउँ पिच्छे फरक नामले चिन्छन् तिमीलाई
दिउँसो दुलोमा लुक्छौं रातमा खान्छौ आहार ।

किसानको साथी तिमी खान्छौ किरा धमिरा
माटोलाई खोस्री खोस्री बनाउछौ रे उर्वर ।

चिन्न सकेन जगतले तिम्रो त्यो अमूल्य गुण
संकटमै पारी गर्न थाले चोरी निकासी व्यापार ।

चिनाउँ महत्त्व सालकको चलाउँ अभियान
हामी सबैको दायित्व हो सबैको हो सरोकार । -

(प्रशासनिक क्षेत्रको अलवा साहित्यिक क्षेत्रमा पनि निरन्तर कलम चलाइरहनु हुने गैरे हाल धादिङका प्रमुख जिल्ला अधिकारी हुनुहुन्छ)



# उ सालक

- धर्तिचन्द्र यात्री

आफ्नो शरीरभरी
सुन्दर खवटाहरूले ढाकिएको
सृष्टिको सुन्दर प्राणी
सधैंसधैं धमिरा, कमिलामा रमाउने
रातोमाटोमा दुलो बनाइ
बसिरहन मन पराउने
जीवन्त ऊ प्रकृतिको पर्याय
बनेर बसिरहेको छ

प्राणी प्राणीमा एक दुर्लभ जीव
हामी यसलाई माया गरौं
संरक्षणमा सदा साथ सहयोग गरौं
सदा सर्वदा हाम्रो मन मुटु
मस्तिष्कमा रहिरहोस्

संरक्षणमा हामी सबैको
साथ सहयोग रहिरहोस्
हाम्रो मन वचन कर्म
यसै भन्छ सालक
जीवन्त रहिरहोस्
अजर अमर बनोस्
संरक्षणमा पर्याय बनेर

(लिखु ६ नुवाकोट घर भई हाल शिवपुरी राष्ट्रिय निकुञ्जमा लामो समयदेखि संरक्षणको क्षेत्रमा कार्यरत यात्री साहित्यकार समेत हुनुहुन्छ)

# 'सालक' कविता

- भरत मोहन अधिकारी

कालो - खैरो खपटा सालक मेरो नाउ
संकटमा परेको छु बिन्ती मलाई बचाउ

किसानको साथी हु म किरा धमिरा खान्छु
आफुले सकेको पर्यावरण जोगाउछु

चुरे मध्यपहाडसम्म डुल्दै डुल्दै जान्छु
जमिन बाहिर होइन दुलो भित्र बस्छु

साल, उत्तिस, चिलाउने वनमा पनि पाइने
माटोको उर्वरशक्ति बढाउन चाहिने

विश्वमा छौं हामी आठ अनि नेपालमा दुई प्रजाति
६० जिल्लामा फैलेका छौं हेर है प्रीय साथी

बासस्थान विनाश चोरी सिकारीको चुनौती
सकिँदै गयौं हामी रोकियो हाम्रो उन्नति

हामी जोगाए बालीनालीको हुन्छ है समुन्नति
पर्यापर्यटनबाट समेत गर्न सकिन्छ है उन्नति

शत्रु सामु गुटमुटु डल्लो परि लजाउने
म तिम्रो तिमी मेरो भई अस्तित्व बचाउने ।

(गैंडाकोट-१२, नवलपरासीका अधिकारी, हाल अध्यापन पेशामा संलग्न हुनुहुन्छ)





# नाम सालक

- बाबुकृष्ण कार्की

धर्तिको मालिक
सह र लक्षिणको प्रतिक
प्राकृतिक ढाललाइ खपटाको सजावट

अति सरल, सालिन, भद्र र मायालु
जति हेर्‍यो उति लज्जालु
भकुण्डो बनेर प्रतिरक्षा गर्न सिपालु

एकदिन राति मेरै बगैंचामा आगमन भयो
भुलबस पोखरीमा परेर झन्डै जीवन जोखिम भयो
मलाई दुर्लभ उद्धारको सुअवसर प्राप्त भयो
लौरो दिए, उद्धार गरें, जंगल जानुभयो

वर्षौंदिन बढुवा रोक्का सालकले खोलिदियो
मडारिएको बाधा अवरोध प्रकृतिले हटाइ दियो
भोलिपल्ट मेरो बढुवा भयो
त्यसपछि लगातर तालुमा आलु फलिरह्‍यो
सालक मेरो मन मुटुको भगवान भै रह्‍यो

(लामो समय संरक्षणको क्षेत्रमा कार्यरत कार्की आफुलाई बाघ गोठालो, प्रकृति संरक्षक भन्न रुचाउनु हुन्छ)

# प्रश्न

- मिरा त्रिपाठी

दिनको उज्यालो तिमीलाई नै भो
खुशी छु, म मेरो रातमै रमाउँछु
म खुम्चिन्छु लज्जावती झारझैं
नआउनु नजिक मेरो, म लजाउँछु
म समेटिन्छु, आफैमा आफुलाइ लुकाउँछु ।

भन्छन् सजाय पाउन उदण्ड हुनुपर्छ
कहिं कसैको केहि न केहि बिगार गर्नुपर्छ
अहं, म त तिम्रो छेउसम्म पनि पर्दिन
अन्जानमै पनि कसैको नराम्रो गर्दिन
तिम्रो घर, तिम्रो शहर तिमीलाई नै भो
म मेरो परिवेश, मेरै हरियालीमा ठिक छु
मलाई लाग्दैन मैले तिम्रो केहि बिगारेको छु ।
तर पनि भनन बिनाकारण म किन मारिन्छु ?

(गोरखा घर भै हाल न्युजिल्यान्डमा बस्नु हुने मिरा त्रिपाठीसंग प्राकृतिक क्षेत्रको लामो अनुभव छ)

# सालकको प्रश्न

- रोशन शेरचन

छेपारो जस्तो देखिन्छु तर हुँ स्तनधारी
झुक्याउने जस्तो देखिए पनि त्यो कर्म स्वेच्छाको होइन
प्रकृति प्रदत हो
शत्रुबाट जोगिन शरीरलाई डल्लो पार्छु
र लुकाउँछु-खपटाको कवचभित्र
आपतै परे, गुडल्किन्छु
जोगाउँछु स्वयमलाई बाघ, चितुवा वा बँदेलबाट तर
सकेको छैन आजसम्म, जोगिन मान्छेबाट

रोग निको हुने विश्वासमा
शक्तिवर्धक सुपको निम्ति
पाउडरको निम्ति
हामीलाई तिमीहरु खोजीखोजी समात्छौ
पासोमा पार्छौ र
देशदेशावर ओसारपोसार गर्छौ
हामीलाई परिवारबाट अलग्याउँछौ
मार्छौ र हाम्रा शरीरको अंगहरुको
नानाथरि औषधिहरु बनाउँछौ

रुख चढि बस्ने
जमीन डुली हिड्ने
धमिरा खाने
हामी प्रकृतिकै प्रजाति हौ
के बिगार गरेका थियौं हामीले ?

यो पृथ्वी तिमी जतिकै हाम्रो पनि हो
जुगौंदेखि यस पृथ्वीमा हामी पनि बाँच्दै आएका छौं
अत: हामीलाई शान्तसँग बाँच्न देउ ।

(वन विज्ञानका विद्यार्थी शेरचन प्राकृतिक क्षेत्रमा लामो समयदेखि निरन्तर कलम चलाइरहनु भएको छ)

# सालक संरक्षण

- रमेश प्रभात
चितवन

सालक हुँ म, मान्छे होइन, मान्छे किन बन्नु ?
मेरो व्यथा मसँगै छ खै कसलाई भन्नु ?

कमिला हो मेरो खाना, धमिरानि खान्छु,
दुलोभित्र बस्छु सधैं, एक्लै घुम्न जान्छु ।

शरीरभरि कत्लैकत्ला बोकेर म हिँड्छु,
सुधो छु म हराएर कहिले म जान्छु,

हानी केही गर्दिन म किसानको साथी,
मान्छे तिमी किन बन्छौ मेरो लागि घाती ?

मेरो मासु मासु नै हो औषधी त्यो हैन,
मलाई मार्दा तिमीलाई हुन्छ किन चैन ?

संसारभरि भए पनि मासिँदै छु आज,
मान्छे तिम्लाई म नासिँदा लाग्दैन के लाज ?

लजाएर बस्छु सधैं तिमीलाई के चासो ?
मेरो जीवन देख्दा सधैं केको यस्तो हाँसो ?

जीवनभिक्षा माग्दिनँ म, मर्छु प्रकृतिमै,
किन पर भागूँ र म, देख्दा तिमीलाई ?

(चितवन निवासी वन विज्ञानका विद्यार्थी रमेश प्रभात हाल प्राध्यापन र साहित्यिक क्षेत्रमा कार्यरत हुनुहुन्छ)





# कविता

- कृष्ण प्रसाद लम्साल

सबै सामु एउटा ज्ञान छर्न भनि आएँ
सफल हुन्थ्यो मेरो प्रयाश सबैको आकर्षण पाएँ
बचाउ प्रकृति मानव अस्तित्व जोगाउने भए
हर जीवको महत्व बुझी प्रकृति चलाउने भए

जीवजन्तु मारिन्छन् मर्छन् कसलाई छ खै पिर ?
यिनैले त विश्व सामू उच्च पारेका छन् शिर
वातावरण बिग्रँदैछ वायुमण्डल त्यस्तै
सबैजना धनी हुने लालचा नै यस्तै

चोरी शिकारी बढ्दै गाछ जीवजन्तु भयो लोप
सालक जस्ता जनावरको तस्करीमा लाउनुपर्छ रोक
कमिला र धमिरा हो यसको मुख्य आहारा
सालक संरक्षणमा सबै मिली दिउ है सहारा
खतरा परे सालक आफै डल्लो परि बस्छ
बालीनाली फस्टाउन यसले सहयोग गर्छ
फाइदा यसको धेरै छन्, छ निकै जाति
सालकलाई भनिन्छ किसानको साथि

(लम्साल हाल व.वि.अ.स. हेटौंडामा अध्ययरत हुनुहुन्छ)

# म सालक तिम्रो साथि

- कृतिका लौडारी

लगाएर सुन्दर कत्ले कोट
खुरुखुरु हिंड्छु
म हुँ संकटापन्न स्तनधारी
गर्दिन कसैलाई नोक्सानी
मात्र म हुँ किसानको साथि
यो सुन्दर पृथ्वी
घर बनेको छ
मेरा ८ प्रजातिको
रैथानिय बनेका छन्
तामे र काले
नेपाल देशको
तर
लोपोन्मुख बनेको छ
मेरो आफ्नो अस्तित्व
खाएर धमिरा, कमिला र किरा
जोगाउँछु म अन्नबाली
खनेर प्राङ्गारिक माटो
बढाउँछु उर्वराशक्ति
खनेरै माटो
कायम राख्दछु
जमिनको चिस्यान
अनि म
न मानिस
न अन्नबाली
न कुनै जनावर
गर्दिक कसैलाई हानि
त्यसैले त भन्छु
म सालक तिम्रो साथि
अब मात्र जोगाइदेउ मेरो अस्तित्व
न उजाडीदेउ मेरो घर
न मारिदेउ मलाई
मात्र देखाउनलाई निर्जीव सजावट
लिन स्वाद मेरो अंग अंगको
बिन्ति गर्दैछु तिमीलाई
म सालक तिम्रो साथि ।

(सानै उमेरदेखि साहित्यकी साधक लौडारी हाल वन विज्ञान अध्ययन संस्थान हेटौंडामा अध्ययनरत छिन्)



# सालक गीत

- भवानी तिमिल्सिना न्यौपाने

विश्वभरी सालक छन् जम्मा आठ थरि, कालो तामे दुई मात्र पाइने नेपालभरि[२]
अंग्रेजीमा प्यान्गोलिन नेपालीमा सालक, संरक्षण माया गरौं सम्झी आफ्नै बालक[२]

वातावरण सन्तुलनमा हुन्छ अति जाति, नाश बिगार केहि गर्दैन किसानको साथि[२]
ढाकिएको हुन्छ यसको खपटा जिउभरि, जोगाउँछ ज्यान यसले त्यसमै डल्लो परि
विश्वभरी ..
सोझो शान्त स्वभाव हुने बस्छ वनचरी, लोपोन्मुख हुँदै गयो तस्करीले मारी
हुँदैन है खपटा र मासु ओखातिमुलो, तस्करले फैलाएको भ्रममात्र ठूलो
विश्वभरी ..
प्राकृतिक सन्तुलनमा उपयोगी ठूलो, माटो खनी जंगलमा बस्छ बनाइ दुलो[२]
संरक्षण गरे यसको हुन्छ हुन्छ सबको मंगल, मन पर्ने यसलाई रहेछ सालको शान्त जंगल
विश्वभरी ..
बाटो ढुकी मार्न सालक बस्छ जसले दागी, लाग्छ कानुन उनै बन्छ सजायको भागि
लुकिचोरी बेच्न यसको जसले शिकार गर्छ, दस लाख पन्ध्र वर्ष कैद भोग्नु पर्छ
विश्वभरी ..
आहारमा खाने यसले धमिरा र किरा, नबुझ्नेलाई खुर्पाको बिंड बुझ्नेलाई हिरा
बहुगुनी लजालु छ यो जीव स्तनधारी, बनाउनु पर्छ यसलाई मकवानपुर चिनारी
विश्वभरी ..
गाउँ शहर सबैतिर फाइदा यसको सुझाउ, घाइते भाको भेटे यसलाई वनलाई बुझाउ
सबै मिली काट्नु पर्छ सालक मार्ने पासो, संरक्षणमा बढाउ अब जनताको चासो
विश्वभरी ..

(हेटौडा घर भएका न्यौपाने शिक्षण पेशामा आवद्ध हुनुहुन्छ । यो गीत गतवर्ष डिभिजन वन कार्यालय राप्ति मनहरीमा आयोजित सालक दिवसमा तत्कालिन वन तथा वातावरण मन्त्री माननीय राजु बिष्टले लोकार्पण गर्नुभएको थियो । तत्कालिन डि.व.अ. बिष्णु प्रसाद आचार्यले संयोजन गर्नुभएको यो गीतमा पुष्कर सुनुवारको संगीत, मोहन मगर, देबेन्द्र बराल, बिमला परियार र अनुमा चौधरीको स्वर रहेको छ । यो गीत यु ट्युबमा पनि उपलब्ध छ)





# सालक

- चन्चला नेपाल रिजाल

हाम्रा वन पाखा बचे बच्छन् सालक पनि
रक्षा गरे जीवजन्तु रक्षा हाम्रो पनि
नरम जिउ नरम बानी, खपटा कडा हुन्छ
कमिला र धमिरालाई आहार बनाई बस्छ
बालीनाली मानिसलाई केहि हानी हुन्न
अरू कोहि प्राणीलाई यसले छुँदै छुन्न
कस्तो राम्री जीव सालक देख्दा सारै राम्रो
जोगाइ राखौं सन्तानले हेर्छन् पछि हाम्रो
स्वभाव लजालु सोझो हुन्छ संरक्षण गरौं
हाम्रो मित्र हाम्रो साथी सालक भन्ने गरौं
सालकको बस्तिक्षेत्र छुट्याएर राखे
बासस्थान बचे बच्छन् होस गरी राखे
गुनिलो र मायालु छ हानी केहि छैन
जोगाइ राखौं बचाई राखौं घाटा केहि छैन
सुन्दर सालक जोगाउने अभियानमा लागौं
सालक भेटे आजैदेखि संरक्षणमा लागौं ।

(धादिङ निलकण्ठ-४ निवासी नेपाल साहित्यिक र संरक्षण क्षेत्रकी साधक हुन्)

# सालक

- विजय न्यौपाने

सालक एउटा लोपोन्मुख वन्यजन्तु रैछ
चिसो ठाउँमा नपाइने गर्मी ठाउँमा पाइन्छ
आफुलाई आपत पर्दा आफै डल्लो पर्दछ
खपटाको मद्दतले आफुलाई जोगाउँछ
जमिनमुनि आफु बसी जमिन फोलो बनाउँछ
किसानलाई सहज बनाइ अन्नबाली फलाउँछ
वातावरण सन्तुलन राखी मानव कल्याण गर्छ
जोगाइ राखौं धर्तीमा अमूल्य सुगन्ध छर्छ
फराकिलो बासस्थान बनाउ यसको अब
सालकको जिल्ला भनि चिनिन्छ है तब
शिकार गरी तस्कर गर्दा हुँदैन है चैन
कठघरामा बस्नुपर्ला सम्झौं वनको ऐन
यसलाई बुझ्न अब धादिङ वन कार्यालय जाऔं
यसको संरक्षण सम्बर्द्धन गर्न हातेमालो गरौं आऔं
हाम्रो नासो सालक बचाउ आउ मिली सबै
यसको बिज नासिएमा खोजेर पाइँदैन कबै
न त हिंसा, न त द्वेष न त बिगार नै गर्छ
सबै मिली अब यसलाई जोगाउनु पर्छ
काखको बालक वनको सालक एउटै ठान्नुपर्छ
घरको सन्तान सम्झेर नै माया गर्नुपर्छ

(जुम्ला घर भै हाल: मालपोत कार्यालय धादिङमा कार्यरत हुनुहुन्छ)



# किसानको साथी

- सीता कोइराला

किसानको साथि सालक हामि सबले बुझौं
सालक बचाऊ अभियानमा एक जुट भै उठौं
किसानको सहयोगी, गर्छ सहयोग अति
माटो हल्का उर्वर, फल्छ खेति कति

धमिरा र कमिला मुख्य यसको आहार
बालीको रोग किरा हटाइ, फसलको बहार
संकट पर्दा दुश्मनबाट सुरक्षित बस्छ
छिनभरमा आफ्नो शरीर खपटाले कस्छ

तराईतिर सालामछली, हिलेमाछा भन्छन्
पहाडमा भकुन्डे भूत, पखेमाछा भन्छन्
तामे सालक हल्का पहेंलो रातो वर्ण रंग
कालो सालक गाढा फुस्रो हेर्दा मन दङ्ग

विश्वभर आठ प्रजाति नेपालमा दुई जात
तामे सालक कालो सालक खपटाको खात
शान्त स्वभाव, स्तनधारी प्राणी भनि चिनौं
सालकलाई बचाउन, संरक्षणमा हिडौं

(निलकण्ठ निवासी कोइराला डिभिजन वन कार्यालय धादिङमा कार्यरत हुनुहुन्छ)

# चार मुक्तक

- डा ऋषि बस्ताकोटी

१

सरिश्रृप झैँ लाग्छ हेर्दा तर स्तनधारी
वनपाखा तिनको घर, डुल्छन् खेतवारी
आठ जाति छन् संसारमा, नेपालमै दुईटा
गल्तिहुन्छ संकटापन्न सालकलाई मारी

२

लजालु छ, मायालु छ, गुटुमुटु पर्छ
देख्ने भन्दा सुँघ्ने, उसले धेरै गर्छ
प्रकृतिको सन्तुलनमा उसको काम ठूलो
अनौठो छ बनावट, सबको मन हर्छ

३

प्रकृतिको पालक हो, किसानको साथि
धर्ति खन्छ, किरा खान्छ, हिंड्छ रातीराती
अज्ञान र लोभमा परि नगर्नु है शिकार
बेकसुर मारिदैछन्, शान्त सालक जाति

४

आउ मिली वनपाखाको सालक जोगाउनु छ
बुझी हेर प्रकृतिको पालक जोगाउनु छ
संकट पर्छ सह अस्तित्व, विनाशतिर लागे
सालकसंगै भविष्यको बालक जोगाउनु छ

(पालुंगटार-३ गोरखा घर भै प्राकृतिक श्रोतको क्षेत्रमा लामो विज्ञता हासिल गरेका बस्ताकोटी हाल अमेरिकामा हुनुहुन्छ)





# शान्त सालक !

- दलबहादुर गुरुङ

धमिरा खायो
कीरा-फटयांग्रा खायो
र
त
ऊ
किसानको साथी भयो !
देखेका छैनन्
भेटेका छैनन्
र त चिन्दैनन् धेरैले
हेर्दा
कछुवाजस्तो
देख्दा गोहोराजस्तो
खबटै-खबटाको महल बोकेर
आहारा खोज्न
निस्किन्छ निष्पट्ट रातमा
गर्दैन कसैको हानी
शालीन छ
शान्त छ
त्यसैले उसलाई
सालक भनिन्छ !
भेटिन्छन् हाम्रा वनजंगलमा
कालो र तामे नामधारी सालकहरू
अति र संकटापन्न मानिन्छन्
तर
निष्ठुरीहरू
मारिरहन्छन् सालक
बनाउँछन् खबटाबाट
टाँक, बुलेटप्रूफ ज्याकेट र सौन्दर्ययुक्त
सामानहरू
सालकका मासु खानु
प्रतिष्ठा ठानिन्छ- चीन, भियतनाममा !
र
त
तस्करले पुऱ्याउँदैछन् उतै ?
जोगाउन सके
आउँथे पर्यटकहरू सालक हेर्न
कमाउँथे पर्यटक पालेर गाउँलेहरू
रमाउँथे सबै हेरिहेरि सालक
डढेलो लाग्दा वन
मरेका छन् सालकहरू
जलवायु परिवर्तनले संकटमा छन्
साँघुरिदै गएका छन् बासस्थानहरू
कसरी बाँच्लान् सालकहरू ?

कहाँ रहलान् सालकहरू ?
जोगाउने रहर छ हाम्लाई
बचाउने संकल्प छ हाम्रो
प्यारो सालक !

(पाल्पा, तिनाउ निवासी गुरुङ साहित्यिक, पत्रकारिता र संरक्षण क्षेत्रमा लामो समयदेखि संलग्न हुनहुन्छ)



# सालक

- शिला पोख्रेल

म यतिबेला चर्चामा छु,
हेर्दा सानो देखिन्छु,
सुन्दा सामान्य बुझिन्छु,
कतिको नजरमा सुन्दर देखिन्छु,
कतिको नजरमा खपटे देखिन्छु,
शान्त प्रकृतिमा रमाउने म,
आफ्नै पौरखमा आनन्द पाउँछु,
आफु बाँचेर अरूलाई सघाउँछु।

खास भन्नुपर्दा,
कृषकको साथी हुँ बन्न रूचाउँछु,
खेतवारी खर खऱ्यान वरिपरि बस्न मन पराउँछु,
कमिला खान्छु,
धमिरा खान्छु,
खेतीबालीकै संरक्षक हुँ भन्न रूचाउँछु,
न बाली विनाश गर्छु,
न मानविय क्षति गर्छु,
बरू सारथी बनेर
अन्य प्राणीहरूको समेत
मंगल गरेको छु,
कहिले जंगल त,
कहिले कान्लामा खेल्छु,
मिचेको छैन कुनै प्राकृतिक नियम,
बरू सघाएको छु,
पारिस्थितिकीय प्रणाली,
चुस्त बनाउन,
मानव जीवन स्वस्थ बनाउन।

अफसोच, यतिबेला,
आफै खतरामा परेको छु,
सितिमिति भेँटिदैनन् ईष्टमित्रहरू,
आफै विलय हुने सम्भावनाको,
ठूलो भएमा बाँचेको छु,
कहिले शिकारीको फन्दामा पर्छु,
भ्रमको भरमा ओखती भनेर बेचिन्छु,
कहिले वन डढेलोको प्रकोपमा पर्छु
भाग्नै नपाई निसास्सिएर नासिन्छु,
जलवायु परिवर्तनसँगै,
ह्रास हुँदै गएको वातावरण,
मेरै प्रतिपक्षमा छन्,
त्यसैमाथि,
किटनाशक विषादी र
मानव क्रियाकलाप
सधैं मेरो विपक्षमा छन्,
हेर्दाहेर्दै,
मरिसके कैयौं पुर्खाहरू,
जन्मिएका छैनन्,
सन्ततिहरू,
साँच्चै, यतिबेला,
अस्तित्वको संकटमा छु।





तथापी मलाई विश्वास छ,
यस विषयमा,
मानवजाति पूर्ण अवगत छ,
प्रकृति सबै प्राणीको साझा हो भन्ने बुझेको छ,
सहअस्तित्वको मर्म अनि धर्म बुझेको छ,
म र मेरो समुदायको संरक्षणबाट,
मानव समुदाय र सिङ्गो पारिस्थितिकीय प्रणाली,
लाभान्वित हुने तथ्य पढेको छ।

त्यसर्थ
मेरो विनम्र अनुरोध छ,
गाउँदेखि सहरसँग,
कृषकदेखि नीतिनिर्मातासँग,
धरापमा रहेको हाम्रो अस्तित्व बचाउन,
बिग्रिँदै गएको बासस्थान सुधार्न,
सहअस्तिवलाई सार्थक बनाउन,
फगतका भ्रम हटाएर,
हाम्रो महत्व बुझाउन,
आवश्यक सबै पहल हुनेछन्,
फेरी एकपटक,
हाम्रो खातिर अभियान हुनेछन्,
स्थानीय तहदेखि केन्द्रसम्म,
सबैतिर थप चर्चा हुनेछन्॥

(डिभिजन वन कार्यालय अर्घाखाँचीमा कार्यरत शिला हाल:
अमेरिकामा अध्ययनरत हुनुहुन्छ)

# सालक

तिम्रा नङ्ग, कपालभन्दा केही बढी हैन
ए मान्छे ! मेरो खबटा कुनै औषधी हैन

धर्ती टेकेको हुँ, तिमीभन्दा युगौँ पहिले
तिम्रो लोभ मेट्नलाई मेरो जिन्दगी हैन

म हराए कसले खाला किरा, कमिला ?
संरक्षण गर है मेरो, चोरीशिकारी हैन

मारे, बेचे, पाप लाग्छ, कानुन लाग्छ
अपराधी ठहरिनेछौ, कुनै पौरखी हैन

सँगै बाँचौ, सँगै रहौँ, सम्भव छ नी खुसी
के यो धरती सबैको साझा सम्पत्ति हैन ?

- अमृत पौडेल "अविरल"

पोखरा घर भएका अमृत साहित्यिक क्षेत्रका र प्राकृतिक क्षेत्रका उपासक हुन्)



# प्राणी जगत् र हामी

- नरेन्द्र पराशर

धरै रूप रङ्गका नै हुन्छन् माछाहरू
पानीभित्र रमाउने गर्छन् माछाहरू
मानिसको भान्छाभित्र राख्दा थालीमाथि
देखिदैनन् माछाहरू राम्रा अलिकति !

हुन्छन् प्यारा भ्यागुता र राम्रा कछुवा ती
प्रकृतिका साथी हुन् ती हेर्दा कति जाती
पत्री मार्ने दु:ख दिने गर्नु हुन्न जान
प्रकृतिका प्राणीलाई आफूजस्तै मान !

भँगेरा र जुरेली वा कालीज गिद्ध सारौं
चरा देख्दा आनन्दले हुन्छ नाचौं नाचौं
पिञ्जरामा हाल्नु हुन्न मासु खानु हुन्न
चरा पनि साथी नै हुन् पराइ ठान्नु हुन्न !

हात्ती गैंडा बाघहरू देख्दा मन रम्छ
हेर्दाहुँदी सानो सानो सालक कहाँ कम छ
स्तनपायी जन्तुहरू करूणाका खानी
जन्म दिन्छन् साना बच्चा हुन्छन् निकै ज्ञानी !

खपटाले भरिएको सालकको ज्यान
पहाडको छेउकुना खनी बस्छ जान
लाटो सोझो विश्वासिलो हुन्छ यसको बानी
केही पैसा पाउनलाई मार्नु हुन्न तानी !

पैसा दिन्छु भन्दै आई सालक मार्न लाए
सालकको खपटा नै किन्न कोही आए
त्यस्तो मान्छे गाउँ पसे अपराध गर्छ
वनकर्मी र प्रहरीलाई खबर गर्नुपर्छ !

डिभिजन वन कार्यालय मोरङमा कार्यरत वनकर्मी परासर साहित्य क्षेत्रका अग्रणी व्यक्ति हुन्, उनका गौरीशंकर, बुद्धबोध महाकाव्य लगायतका अन्य कविता संग्रह प्रकाशित छन्)

# ए सालक तिमी बालक नै हौ

- करण बहादुर शाह

कमिला र धमिरा बाहेक अरू खान नजानेको
अझै बोलि पटक्कै फुट्न नसकेको
बालक जस्तै मानिसको कुनै बिगार नगर्ने
हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

मानिसको भिडभाडबाट डराएर भाग्ने
अति लाज मानेर भकुण्डो जस्तै बन्ने
पानीसंग डराउने, सानो खोला पनि तर्न नसक्ने
हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

बालकले झैं माटोसंग सधैं खेलिरहने
कहिलेकाही बाटो बिर्सिएर अलमलमा पर्ने
लुकामारी खेलेझैं दुलो भित्र लुकेर बस्ने
हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

अबोध बालकले बामे सरेको जस्तो गरेर हिड्ने
शरीरमा पनि बालकको जस्तो खपटाको जामा लगाउने
तिम्रो बिष्टा पनि बालकको जस्तै कम गन्धको हुने
हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

मुखभित्र एउटा चपाउने दाँत समेत नभएको
लाज मानेर रात्रि अँध्यारोमा मात्र बाहिर निस्कने
बालकको झैं काट्न नसकेर खुट्टाको नङ्ग्रा धेरै बढेको
हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

तिम्रो रहन, सहन, बानी व्यहोरा सबै बालकको जस्तै छ
त्यसकारण तिमी यस धर्तीमा आउँदा तिम्रो नाम बालक थियो होला
कालान्तरमा त्यो शब्द अपभ्रंश भएर सालक भयो होला
अत: हे सालक तिमीलाई बालक नभनेर बृद्ध कसरी भन्ने ?

(संरक्षण क्षेत्रको परिचित नाम शाह लामो समयदेखि अध्यापन र संरक्षणको क्षेत्रमा क्रियाशील हुनुहुन्छ)







# खबटेको खप्पर

- कुमार पौडेल

सुन कथा खबटे प्राणीको
रूवाई मन छाडेर जानेभो
एक्लो मान्छे बाँचेको के सार
एजाड भए के अर्थ संसार

उत्पत्ति भा धेरै पहिले
हिमालको काखमा
मान्छे भन्दा पहिले नै
आएका खबटे सालक

चार भाइ बसे अफ्रिकी
घाँसे मैदान समुन्द्र छेउैमा
चार भाइ फैलिए
एसियाली हिमालै सम्म

नेपाल देशमा तामे र काले
खपटा सँगै रौं निस्केका एसियाभर
तक्लु नै छन् अफ्रिकी दाजुभाइ
कति विचित्र संसार हेर

भूत प्रेत जे भन
राती हिंडछ बारी वन डुलेर
दाँत छैन, बीष भएन
बाँच्नै पर्‍यो धमिरा खोजेर

तीन फुटे ज्यानको
चार फुटे जिब्रो फड्फडाउँछ फरर
धमिरा सबै टाँसिन आउँने
कस्तो अचम्म हेर
दाँत छैन मुखमा आहार कमिला
पेटको जाँतो चलाउनै पर्‍यो
ढुङ्गा माटो निलेर

मान्छे नङ, गैडाका सिङ
टाउकोको कपाल
सालकको खपटा उस्तै हो हेर
त्यहि केराटिन
पाँच दिन लामो सहबास
बच्चा तीन महिनामा
कति बाँच्छ कसलाई के थाहा
दुलो मुनि जंगलको जीवन

लजालु छ नी पारीला पाखो
यसैको दरबार
सुरुङ खन्न सिपालु
डोजर त के हो र

साना ठूला दुई जोडा खुट्टा
पाँच नङ्ग्रा एकमा
रूख चढ्न दुलो खन्न
लगाउँछ काममा
पौडिवाज उहि खोला तर्न
के सीप छैन र
पेटमै खाना साँचेर राख्छ
चिसो अनिकाल पार गर्न

करोडौं धमिरा खान्छ वर्षमै
बालि बिरूवा जोगाउन
लोभी मान्छे बाहाना खोज्छ
लाग्यो है उसैलाई सिध्याउन

कानुन छ कडा
दस लाख जरिवाना
पन्ध्र वर्ष जेलमा
कुवुद्धि कसैले नलेउ कतै
बाँच्न देउ वनमा ।

(कुमार पौडेल सालक संरक्षण तथा अनुसन्धानकर्मी हुन् ।)





शैक्षिक प्रयोजनको निमित्त डि.व.का. धादिङबाट सालकको खपटा सहितको छाला प्राकृतिक विज्ञान संग्रहालय, स्वयम्भूलाई हस्तान्तरण गर्दै ।



स्थानीय जन समुदायलाई सालकको महत्व बुझाउन डिभिजन वन कार्यालय, धादिङ परिसरमा निर्मित देवलसहितको सालकको मूर्ति । उक्त मूर्ति मकवानपुर निवासी हर्क लामा ब्लोनले बनाएका हुन् ।



स्थानीय जनतासंग सालक प्रवर्द्धनको बारेमा छलफल गर्दै ।








बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, धादिङ
धादिङवेसी, नेपाल ।
फोनः ९८५११७०८०८/९८५१३१६८२५